जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ८ अंक १, २०७६ साल वैशाख ६ गते शुक्रबार, नेपाल संवत् ११३९ (April 19, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## आयकर तिर्न एनसेललाई समयसीमा

काठमाडौं । ठूला करदाता कार्यालयले निजी क्षेत्रको दूरसञ्चार प्रदायक कम्पनी एनसेलले तिर्नुपर्ने आयकर निर्धारण गरेको छ। कार्यालयका अनुसार कम्पनीले आयकर शुल्क ब्याजदर विलम्ब शुल्क गरी कुल ३९ अर्ब ६ करोड रुपैयाँ दाखिल गर्न बाँकी छ।

अहिलेसम्म एनसेलले ठूला करदाता कार्यालयमा पुँजीगत लाभकर २१ अर्ब ५४ करोड ८० लाख र विलम्ब शुल्क दुई अर्ब दुई करोड रुपैयाँ बुझाएको थियो । ठूला करदाता बाँकी ८ पेजमा

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ को अवसरमा हाम्रा समस्त पाठक, ग्राहक वर्ग, विज्ञापनदाता, शुभचिन्तक तथा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ग्रेटर नेपाल**
**साप्ताहिक परिवार**

# आर्थिक मितव्ययिता र सुशासन झन् कमजोर

काठमाडौं । नेपालमा संघीय शासन प्रणालीको अभ्यास भइरहेको छ । अहिले संघ, प्रदेश र स्थानीय तह गरी तीनवटा सरकार सञ्चालनमा छन् । सिद्धान्ततः संघीय शासन प्रणालीले सेवा प्रवाह र मितव्ययितालाई जोड दिन्छ । संघीयता भनेको सार्वभौमसत्ताको स्वरुपमा हुने परिवर्तन हो । यसको उद्देश्य समग्र मुलुकको द्रुत गतिमा विकास गर्नु हो । नेपाल संघीयताको अभ्यास गरिरहेको, विश्वकै कान्छो मुलुक हो । विश्वका १९६ देशहरुमध्ये २७ वटामा मात्र संघीयताको अभ्यास छ । अर्थात् विश्वको चालीस प्रतिशत जनसंख्या संघीय शासन प्रणालीभित्र रहेको छ। यीमध्ये संघीयतामा गएका विकसित देशको संख्या ९ मात्र छ भने १४ वटा विकासशील र चारवटा अति कम विकसित देशले संघीयता अपनाएका छन् । कुनै पनि नेपाली नेता, जर्ज वाशिंगटन बन्न सक्ने नदेखिएका कारण संघीयता यतिबेला अँध्यारोमा झट्टी हानेजस्तो अनुभव गर्न थालिएको छ । सामर्थ्य साधन, विकासका पूर्वाधारको कमी र बढ्दो आर्थिक अनियमितताका कारण संघीयताले असमानताभित्रको




असमानतालाई बढाउने मात्र हो कि भन्ने चिन्ता उत्पन्न हुन थालेको छ । भ्रष्टाचारलाई शून्य सहनशीलतामा झार्ने नेकपा नेतृत्वको उद्‌घोषलाई हालै सार्वजनिक गरिएको महालेखाको प्रतिवेदनले हात्तीको देखाउने दाँत मात्र रहेछ भनेर प्रमाणित गरिदिएको छ ।

संवैधानिक निकायका रुपमा रहेको महालेखा परीक्षकको प्रतिवेदनलाई आधार मान्ने हो भने मुलुकमा वित्तीय अराजकताले सीमा नाघेको देखिन्छ । सरकारले हालै राजधानीमा लगानी सम्मेलन गऱ्यो । तर महालेखाले देखाएको अत्यासलाग्दो भ्रष्टाचारले वैदेशिक लगानी नआउने सम्भावना समेत बढेर गएको छ । प्रतिवेदनमा औंल्याइएका विभिन्न तथ्यांकअनुसार सरकारी सेवा पनि अपेक्षित रुपमा प्रभावकारी बन्न सकेको छैन भने विभिन्न सरकारी निकायमा हुने अनियमितताको दरमा पनि कमी आउन सकेको छैन। सरकारी शासन संयन्त्रभित्र आर्थिक नियन्त्रण पद्धति कसिलो हुन नसक्नुको परिणाम हो बेरुजु पेश्की र राजस्व असुलीको भयावह अंक। अघिल्लो वर्षको अन्त्यमा सार्वजनिक महालेखा परीक्षकको प्रतिवेदन 'कारबाही गरी टुंगो लगाउनुपर्ने' अद्यावधिक रकम ६ खर्ब ८३ अर्ब ६६ करोड रुपैयाँ पुऱ्याएको छ जुन वार्षिक बजेटको आधा रकम हो । अघिल्लो वर्षसम्म यस्तो रकम ५ खर्ब ८ करोड रुपैयाँ थियो । अर्थात् एक वर्षमा १ खर्ब ७५ करोड रुपैयाँ थपिएको छ । बेरुजुभित्र असुल गर्नुपर्ने, अनियन्त्रित भएको प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको, शोध भर्ना नलिएको रकम पर्छन् । असुल गर्नुपर्ने राजस्व झनै धेरै देखिएको छ । राज्यले असुलिने राजस्व थपिँदै जाँदा बक्यौता रकम २ खर्ब ५२ अर्ब १३ करोड रुपैयाँ पुगेको छ ।

संघीय शासन प्रणालीको सफलता तीनवटै सरकार र तिनले सञ्चालन गर्ने असल कार्यसंस्कृतिमा निर्भर रहन्छ । शासक तथा प्रशासकमा असल कार्यसंस्कृतिको विकास हुन नसक्दा नै सरकारी बेरुजु बर्सेनि बढ्न पुगेको सहजै विश्लेषण गर्न सकिन्छ । गत वर्षको तुलनामा बेरुजु ३६ दशमलव ७ प्रतिशतले बढेको छ । सरकारले आफ्ना सबै निकायमा बेरुजु घटाउन निर्देशन दिए पनि बेरुजु घट्नुको साटो बढ्न पुगेको छ । यसरी देखिएको बेरुजुमध्ये ३२ अर्बभन्दा बढी बेरुजु असुलउपर गर्ने खालका रहेको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएको छ । असुलउपर गर्नुपर्ने बेरुजु भनेकै अनियमित रुपमा भएको खर्च हो । यस्तो बेरुजु वृद्धि हुनुले आर्थिक अनियमितता बढेको प्रस्ट हुन्छ। संघीय सरकारको २० खर्ब लेखा परीक्षण गर्दा १ खर्ब बेरुजु आएको छ भने प्रदेश सरकारको २ अर्ब ६२ करोड लेखा परीक्षण गर्दा १९ करोड बेरुजु आएको छ । यस्तै स्थानीय तहको ७ खर्ब ७१ करोड लेखा परीक्षण गर्दा २४ अर्ब १४ करोड बेरुजु आएको छ ।

कानुन बनाउने संसद नै ३ अर्बभन्दा बढी बेरुजुमा परेको छ । कानुन विपरीत बाँडेको प्रोत्साहन भत्ता बेरुजुभित्र परेको हो । त्यसरी रकम लिनु गैरजिम्मेवार ठहर गर्दै त्यो असुल गर्नुपर्ने महालेखा परीक्षकको सिफारिस छ । बाँकी ८ पेजमा

## विप्लव समूहको भएकै हो व्यवस्थापन ?

काठमाडौं । नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले प्रतिबन्ध लगाएपछि प्रधानमन्त्री केपी ओलीले भनेका थिए- 'चैत्र महिनाभित्र विप्लव समूहको व्यवस्थापन हुन्छ। नेकपाका अर्का अध्यक्ष प्रचण्डको उद्‌घोष आयो- 'विप्लव पनि चाँडै मूलधारमा आउँछन् ।' प्रधानमन्त्री ओली र अध्यक्ष प्रचण्डको भनाइलाई लिएर राजनीतिक विश्लेषकहरुले दुईवटा अनुमान गरे । प्रधानमन्त्री दमनद्वारा विप्लव समूहलाई काबुमा ल्याउन चाहन्छन् । प्रचण्ड भने भित्रभित्रै विप्लव बाँकी ८ पेजमा

## लेखा परीक्षण नगराउने यी स्थानीय तह

काठमाडौं । देशभरका ६५३ स्थानीय तहमध्ये ६ स्थानीय तहले १ अर्ब ८८ करोड बराबरको लेखा परीक्षण नगराएको पाइएको छ । महालेखा परीक्षकको ५६ औं प्रतिवेदन अनुसार लेखा परीक्षण नगर्ने स्थानीय तहमा सर्लाहीको विष्णु गाउँपालिका, रामनगर गाउँपालिका, बलरा नगरपालिका, महोत्तरीको समी गाउँपालिका, धनुषाको हंसपुर नगरपालिका र बझाङको बुङल नगरपालिका छन् । ती स्थानीय तहले १ अर्ब ६७ करोड ५० लाखको आयव्ययको लेखा परीक्षण नगराएको प्रतिवेदनमा उल्लेख छ। ती स्थानीय तहले कानुनी व्यवस्थाको उल्लंघन गर्दै लेखा परीक्षण नगराएकाले आर्थिक अनुशासनको पालना नगरेको अवस्थामा अनुदान रोक्का गरी कारबाही अगाडि बढाउन सिफारिस गरेको छ ।

त्यस्तै लेखा परीक्षणको क्रममा ६० करोड ६२ लाख ७ हजार र १७६ स्थानीय तहबाट प्रतिक्रिया एवं समपरीक्षणबाट फछ्यौंट भई २४ करोड ५८ लाख २२ हजार गरी ८५ करोड २० लाख २९ हजार असुल भएको देखिएको छ । तीमध्ये ८२ स्थानीय तहबाट मर्मत अनुदानतर्फ बचत रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमध्ये ६८ करोड ६ लाख १८ हजार बाँकी ८ पेजमा

# तातोपानी खुल्दै, कोरला अध्ययन

काठमाडौं । व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको टोलीले मुस्ताङ र चीनको स्वशासित क्षेत्र तिब्बतको सीमानामा रहेको कोरला नाकाको स्थलगत अध्ययन गरेको छ ।

समितिका सभापति पवित्रा निरौला खरेलको नेतृत्वमा नौ जना सांसदहरुको टोलीले निर्माणाधीन बेनी-जोमसोम-कोरला सडक आयोजना, कोरला नाका, नाका क्षेत्रको पूर्वाधार, सुरक्षा अवस्थाको बारेमा अध्ययन गरेको हो ।

गत हप्ता मुस्ताङ आएर बुधबार फर्किएको संसदीय टोलीले जिल्लाका धार्मिक, पर्यटकीय स्थलहरुको समेत अध्ययन, अनुगमन गरेर सरोकारवालाहरुसँग छलफलमार्फत सुझावसमेत सङ्कलन गरेको प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले जानकारी दिए ।

टोलीलाई जिल्लाका सरोकारवालाले बेनी-जोमसोम-कोरला सडक आयोजनालाई तीव्रता दिन, विभिन्न स्थानमा मोटरेबल पुल निर्माण गर्न, कोरला नाका सञ्चालनका लागि आवश्यक कुटनीतिक पहल अघि बढाउन, सुरक्षा र प्रशासनिक तयारीका लागि पहल गरिदिन सुझाव दिएका छन् ।

हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथ मन्दिर दर्शन र भ्रमणका लागि आउने भक्तजन तथा पर्यटकहरुको बाँकी ८ पेजमा

# पुनर्निर्माण प्राधिकरणमा डरलाग्दो भ्रष्टाचार

काठमाडौं । गठनको तीन वर्षमा पनि ४० प्रतिशत काम नसकेको राष्ट्रिय पुननिर्माण प्राधिकरणले अर्बौं रूपैयाँ आफुखुसी प्रयोग गरेको खुलेको छ । विदेशीदाताले दिएको रकम प्राधिकरणले आर्थिक कार्यविधिविपरीत खर्च गरेको खुलेको हो ।

यस वर्ष प्राधिकरण र यसअन्तर्गतका निकायमा नेपाल सरकारको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश नगरी साझेदार संस्थाहरूले सोझै भुक्तानीबाट ७० अर्ब ८० करोड ९१ लाख २ हजार खर्च गरेको छ । आर्थिक कार्यविधि ऐन, ०५५ ले लेखा र आर्थिक विवरण पेश गर्नुपर्ने भने पनि प्राधिकरणले त्यसलाई वेवास्ता गरेको हो । महालेखा परीक्षकको छपन्नौं वार्षिक प्रतिवेदनले समेत प्राधिकरणले सो बदमासी गरेको उल्लेख गरेको छ ।

यस वर्ष प्राधिकरण र यसअन्तर्गतका निकायमा नेपाल सरकारको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश नगरी साझेदार संस्थाहरूले सोझै भुक्तानीबाट ७० अर्ब ८० करोड ९१ लाख २ हजार खर्च गरेको छ। आर्थिक कार्यविधि ऐन, ०५५ ले लेखा र आर्थिक विवरण पेश गर्नुपर्ने भने पनि प्राधिकरणले त्यसलाई वेवास्ता गरेको हो

कार्यविधिको दफा १६ (२)मा 'प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेस गरी महालेखा परीक्षकको विभागबाट अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।' भनि उल्लेख गरिएको छ । सहायता रकम नेपाल सरकारको केन्द्रीय लेखा प्रणालीमा समावेश नगरेको तथा सोको आर्थिक विवरण समेत पेस नगरेकाले लेखापरीक्षण नभएको महालेखाले जनाएको छ ।

कानुनतः प्राधिकरणले लेखा परीक्षण गराउनुपर्ने हो । लेखा परिक्षणले कुनै अनियमितता भएमा वा आर्थिक हिनामिना गरेको खुल्ने छ भने अहिलेसम्म भएका खर्च कहाँ, कति, कहिले र कुन शिर्षकमा खर्च भयो भनेर खुलेको हुन्छ । पछिल्लो समय प्राधिकरणले पुननिर्माणका लागि रकम अभाव हुने उल्लेख गरेको छ ।

पुननिर्माणका लागि अझै ४० अर्ब रूपैयाँ लाग्ने बताउदै आएको प्राधिकरणले झन्डै ७१ अर्बको लेखा परीक्षण नगराएकाले वैदेशिक सहायता पाउने अवस्था गुम्ने देखिन्छ । प्राधिकरणको अपरादर्शी खर्च, सेमिनार, भत्ता र भ्रमणमा अत्याधिक खर्च हुने गरेको देखिएको छ । प्राधिकरण स्रोतका अनुसार त्यहीका कर्मचारीहरू घरपरिवारका लागि खाना र खाजा समेत फाइभस्टार होटलबाट लैजाने गरेको बताउछन् ।

०७२ सालमा गएको महाभूकम्पले तहसनहस बनाएका बाँकी ८ पेजमा

# नागरिकता वितरणको बाटो खुला

काठमाडौं । जन्मका आधारमा वंशजको नागरिकता दिने गृहमन्त्रीस्तरीय निर्णयलाई सर्वोच्च अदालतले दोस्रो पटक सुनवाई गर्दै यसअघिको अन्तरिम आदेशलाई निरन्तरता नदिने निर्णय गरेपछि मधेसवासीले त्यसको स्वागत गरेका छन् ।

द्वय न्यायाधीश हरिकृष्ण कार्की र बमकुमार श्रेष्ठको संयुक्त इजलासले गृहको निर्णयमा अन्तरिम आदेश जारी नगर्ने फैसला गरेपछि मधेसवासी त्यसको खुलेर स्वागत गरेका हुन्। करिब अढाई महिनाअघि प्रदेश सरकारले प्रदेश २ मा झण्डै एक लाखको हाराहारीमा युवायुवतीहरु जन्मसिद्ध नागरिकका सन्तान भएको विवरण दिँदै नागरिकता नभएका कारण उनीहरु उच्च शिक्षाका लागि भर्ना हुन नपाएको भन्दै संघीय सरकारलाई सुझावसहितको पत्र पठाएपछि गृहले सोही सुझावको आधारमा जन्मसिद्धका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने भनी देशभरका जिल्ला प्रशासनलाई पत्र पठाएको थियो । बाँकी ८ पेजमा

# प्रधानसम्पादक श्रेष्ठको निधन



काठमाडौं । वरिष्ठ पत्रकार एवं कामना न्युज पब्लिकेसनका प्रधानसम्पादक पुष्करलाल श्रेष्ठको उपचारका क्रममा बुधबार निधन भएको छ ।


थापाथलीस्थित नर्भिक इन्टरनेसनल अस्पतालमा उपचारका क्रममा ६० वर्षको उमेरमा निधन भएको हो । श्रेष्ठको करीब साढे पाँच महिनाअघि नाकमा समस्या भएका कारण राजधानीको वयोधा अस्पतालमा नाकको र ब्लुक्रस अस्पतालमा मिर्गौलाको पत्थरीको शल्यक्रिया गरिएको थियो । त्यस बेलासम्म उनको स्वास्थ्य स्थिति सामान्य रहे पनि मिर्गौलाको पत्थरीको शल्यक्रियापश्चात उनमा थप समस्या देखिँदै आएको थियो । बाँकी ८ पेजमा

**समय-सन्दर्भ**

# खोइ कसको विश्वास गर्नु ?

**शिवप्रसाद दहाल**

काँचो माटोबाट विभिन्न प्रकारका भाँडावर्तन बनाई अग्नि प्रशोधन गरेर कुम्हालेले पक्का माटाका भाँडा बनाएझैं बाँदर स्वभावी निर्दोष बालबालिकाहरुलाई देशका भविष्यका भाग्यविधाता बनाउन ठेक्का लिएका धर्मशास्त्र, नीतिशास्त्रले पितातुल्य मानिएका गुरुहरुले बलात्कार गरेको घटनाहरु विभिन्न स्रोतहरुबाट प्रचारप्रसार भइरहेका छन् । यतिमात्र नभई परीक्षामा पास गराइदिन्छु भनी गुमराह गराई ट्युशनको बहानामा बलात्कार गरिएका अप्रिय घटनाहरु भाइरल भई प्रचारित गुमराहित बालिकाहरुलाई विवाह गर्ने प्रलोभन गराई गर्भधारण भइहाले प्राणघातक अवैध औषधि प्रयोग गराई गर्भपतन गराएका छन् । भ्रुण पतन नभए पिताको भूमिका निर्वाह गर्ने गुरु



भनाउँदो शिक्षक बेपत्ता भई भागेर निर्दोष विद्यार्थी बालिकाहरु घरका न घाटका भएका घटनाहरु हामीले देख्दै आएका छौं ।

बिरामी भएर उपचार गराउन अस्पताल गएकी सिकिस्त नवप्रशुतालाई पनि एमबीबीएस, एमडी, एमएस गरेका डाक्टरले निर्ममताका साथ बलात्कार गरेका घटना बराबर श्रव्य दृश्य विद्युतीय विभिन्न स्रोतबाट प्रसारित भइरहेका छन्, धामी झाँक्रीहरुको त झन् कुरै भएन अनि कसको विश्वास गर्नु ?

यता बालिका अभिभावकलाई गुरु भनाउँदो ट्युसन शिक्षकको चरित्र भण्डाफोर गर्न धक मान्ने, उता अभिभावकहरुले यस्तो संवेदनशील गतिविधिको विचारप्रायः गर्दैनन् । अनि पछि दुर्घटना घटित भइसकेपछि पुर्पुरो समातेर बस्नुबाहेक अर्को विकल्प के छ र ? समयमै बुद्धि नपुऱ्याएपछि बदनाम आफ्नी चेलीबेटीकै इज्जत प्रतिष्ठामा अमिट कलंक अनि पश्चातापित हुँदै पितातुल्य गुरु यस्ता छन् भने कसको विश्वास गर्नु ?

आमाका माइत अथवा माओलमा मामा माओली दाजु वा हजुरबुबाहरु समेतबाट यहाँसम्म कि ठूला बुबा, कान्छा बुबाका छोराहरु समेत यस बलात्कार काण्डमा पेशेवर भएका रेडियो, टिभी, पत्रपत्रिका आदिबाट नसुनिएको प्रायः कुनै दिन हुँदैन, न्याय दिने निकाय पैसापट्टि लाग्छ, अनि खोइ कसको विश्वास गर्नु ?

यतिमात्र कहाँ हो र आफ्नै जन्मदाता पिता र पिताका पनि पिताबाट छोरी वा नातिनीलाई अरुलाई भने मारिदिने धम्की दिँदै दिनदहाडै आफ्नै छोरी वा नातिनीलाई बलात्कार गरेको प्रायः सधैं श्रव्य एवं दृश्य आधुनिक विविध उपकरणहरुद्वारा जगजाहेर भएका दुर्घटनाहरु थाहा नपाउने मानिस को होला र ? अनि यस प्रकार आफ्नै अनन्य अभिभावकबाटै नित्य यौनशोषण भएर आफूले विविध कर तिरेको राजस्वबाट जागिर खाएर बसेको यानी 'सत्य सेवा सुरक्षा' को ठेक्का लिएर बसेको प्रहरी प्रशासन समक्ष न्यायको भिक माग्न गयो । उल्टो बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# विकासको अर्थ खोज्ने कि ?



**सुरेन्द्र ढकाल**

अहिलेको डबल नेकपाको सरकारका नायक ओली र प्रचण्डले देशमा द्रुत गतिले विकास भइरहेको भाषण ठोक्दै हिँडेको अवस्था छ । विकास भनेको खास के हो भन्ने बुझेर वा बुझ पचाएर उनीहरुले यसो भन्दै हिँडेका हुन् वा होइनन् भनेर खुट्याउने को ?

धेरै सडक र विमानस्थल बन्नु विकास हो ? धेरै बिजुली उत्पादन गर्नु विकास हो ? धेरै जग्गा सिचाइ हुनु विकास हो ? धेरै विद्यालय बन्नु विकास हो ? धेरै अस्पताल बन्नु विकास हो । रेलमार्ग जलमार्ग बन्नु विकास हो । पूर्ण साक्षर हुनु विकास हो ? गरिब कोही नहुनु विकास हो ? अवश्यै होइन । माथि भनिएका कुराहरु विकासको पुर्वाधार मात्रै हो । पूर्वाधारमात्रै भएर विकास हुन्थ्यो भने नेपालले २०१३ सालदेखि विकास योजना बनाउँदै त्यसको कार्यान्वयन शुरु गरेको हो । अहिले ७६ साल आइपुग्दा हामीले ६३ वर्षसम्म पूर्वधारमात्रै बनायौं । तर खोइ त्यो पूर्वाधारले विकास गरेन, बरु झन् विनास पो गर्‍यो त । मित्रराष्ट्रहरुले बनाइदिएका उद्योगहरु बन्द भए । देश बेरोजगारीको चपेटामा पर्दा आधा करोड युवायुवती विदेशिन बाध्य भए । उनीहरुले दुःख गरी बचाइ पठाएको विदेशी मुद्राबाट उपभोग्यवस्तु आयात गरी उठेको भन्सार राजस्वबाट देश चलिरहेको छ । यही कारण देश संसारकै सबैभन्दा ठूलो व्यापारघाटा भएको मुलुक बन्न पुगेको छ ।

अहिलेको विश्व व्यापारको युगमा विकास त्यतिखेर मात्रै हुन्छ जब देश उत्पादनमा आत्मनिर्भर हुँदै निकासी प्रवर्द्धन गरी विदेशी मुद्रा कमाउन सक्छ । विकासको मुख्य आधार भनेको आयात प्रतिष्ठापन र निर्यात प्रवर्द्धन हो । विमानस्थल, जलमार्ग र रेलमार्ग त बन्ला तर त्यसले आयात बढायो भने त्यो अभिसाप हुन्छ । विदेशी पर्यटक नेपाल भित्रिए भने त राम्रो तर त्यसैको कारण नेपालीहरु विदेशिनु पर्‍यो भने के होला ?

त्यसकारण नेपालमा विकास भयो भनेर कसैले भन्छ भने पहिलो प्रश्न भनेको नेपालले के के वस्तुको आयात प्रतिष्थापन गर्‍यो ? के के वस्तुको निर्यात प्रवर्द्धन गर्‍यो अनि त्यसको कारण व्यापार घाटा कति घटायो भन्ने हुन्छ । यसलाई अर्को किसिमबाट सोध्न सकिन्छ- त्यो भनेको नेपाल के के कुरामा आत्मनिर्भर छ ? पहिले नेपाल धान चामल निर्यात गर्ने देश भनेर चिनिन्थ्यो ।

अहिले नेपाल खोइ के निर्यात गर्ने भनेर चिनिन्छ ? चीनको सांघाईले अमेरिकाको न्यूयोर्कलाई विकास पछाडि पारेको कारण न्यूयोर्कको भन्दा अग्लो गगनचुम्बी भवनहरु बनाउन सकेर होइन, चीनले अमेरिकामा आफ्नो उत्पादन बेच्न सकी व्यापार नाफा गर्न सकेकोले भन्ने कुरा कहिले बुझ्छन् हाम्रा पटमूर्ख ओली र प्रचण्डहरुले ? बुझेका हुन्थे भने यिनीहरुले सबैभन्दा पहिले आफूले नेपालमा बुनेको कपडाको लुगा र जुत्ता लगाउँदै जनतालाई नभए पनि कर्मचारी, शिक्षक, सेना प्रहरीले नेपालमै उत्पादन भएको लुगा लगाउनुपर्ने बाध्यकारी नियम बनाउँथे होला । विदेशी सुटमा सजिने यस्ता नेताहरुले के स्वदेशी उत्पादनको संरक्षण र प्रवर्द्धन गर्न सक्छन ? अवश्यै सक्तैनन । यसैकारण यिनीहरुले भाषण गर्दा उखान टुक्काको प्रयोग गरी सुखी नेपाली र समृद्ध नेपाल त भन्छन् तर त्यो कहाँबाट शुरु हुन्छ भन्ने कुराको कुनै सुइँको यिनीहरुको गिदीमा छैन भने कहाँबाट हुन्छ विकास ? सरकारी अस्पताल, सरकारी विद्यालय, सरकारी अड्डा, सरकारी उद्योग भन्ने बित्तिकै राजाको काम कहिले जाला घाम, हाजिर ठटाउ तलव पकाउ भन्ने हिजैको मानसिकता छ भने कहाँनिर चाहिँ भयो क्रान्ति नेपालमा ? क्रान्ति त नेताको गिदीमा हुनुपर्छ जस्तो सिंगापुरको लिक्वान र मलेसियाको महाथिरको गिदीमा भयो । यी गुहुले खप्पर भरिएको राष्ट्रघाती, बलात्कारी, भ्रष्टाचारी र असक्षम नेता भनाउँदाहरुले देश विकास गर्ने भनेको भ्रष्टाचार गरी आफ्नो र आफ्नाको भुँडी भर्ने मात्रै हो । हुन त यिनीहरुको के दोष ? यिनीहरुलाई नेता बनाउने भेडा मतदातालाई दोष दिनुपर्छ । कमसेकम विकासको अर्थमात्रै बुझेको मान्छेलाई चुन्ने सचेतना नेपाली मतदातामा हुन्थ्यो भन्ने बल्ल नेपालले विकास गर्थ्यो होला । त्यसैले अब चाहिँ साँच्चै विकासको अर्थ खोज्ने कि भनेर सोध्नुपर्ने बेला आएको छ ।

## सम्पादकीय

# बीआरआईमा नेपालको सहभागिता


वानबेल्ट वान रोड (ओबिओआर) अर्थात् एक क्षेत्र एक मार्ग, विकासको रणनीति र रूपरेखा तयार गर्ने उद्देश्यले चिनियाँ राष्ट्रपति सिजिन पिङले प्रस्ताव गरेको परियोजना हो । यसलाई बेल्ट एन्ड रोड इनिएसिटिभको नामले पनि चिनिन्छ । ओबिओआर विश्वका ३ महादेशका ६७ देशमा विस्तार हुने सडक र सञ्जालको योजना हो । यो महत्वाकांक्षी योजनाको हालको बजेट ८ खर्ब अमेरिकी डलर रहेको छ । हालसम्म विश्वका ४१ देशले ओबिओआर परियोजनामा सहभागी हुने समझदारी पत्रमा हस्ताक्षर गरिसकेका छन् । पछिल्लो समयमा यो योजनाको विस्तार पनामासम्म पुगिसकेको छ । यसबाट विश्व महाशक्तिको ताज पहिरिइरहेको संयुक्त राज्य अमेरिकाको निद हराम भएको छ ।

नेपालले पनि ओबिओआरमा सहभागी हुन समझदारी पत्रमा हस्ताक्षर गरेको छ । भारत भने यस परियोजनामा सहभागी भएको छैन । भारत ५० अर्ब डलरको चीन-पाकिस्तान आर्थिक करिडोर योजनामाथि आफ्नो सम्प्रभूताको चिन्तालाई लिएर ओबिओआरमा सामेल नभएको बताइएको छ । पाकिस्तान चीन आर्थिक करिडोर पाकिस्तान प्रशासित कस्मिर हुँदै सञ्चालन गरिँदैछ । ओबिओआरमा विश्वका सयभन्दा बढी राष्ट्र र अन्तर्राष्ट्रिय संगठनहरूले साझेदारी गर्न चासो व्यक्त गरेका छन् । यो परियोजना चीनको महत्वाकांक्षी योजना मात्र नभएर अन्य धेरै राष्ट्रका लागि उन्नति र विकासको आधार पनि हो । यस योजनाबाट लाभ लिन सक्ने मुलुकहरूले आआफ्नो चासो र स्वार्थ पूरा गर्न सक्ने छन् । तर यसका लागि बेलैमा आर्थिक विकास र भौतिक पूर्वाधार निर्माणको रणनीति बनाउन भने जरूरी छ । ओबिओआर परियोजनाबाट सतह र स्थलमार्गबाट सम्पर्क विस्तार र व्यापार प्रबर्द्धन गर्नु चीनको उद्देश्य रहेको छ । यस परियोजनाले समेट्ने देशहरूले आफ्नो अवस्थिति र क्षमताको आधारमा हुने आर्थिक विकास र भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा लाभ हासिल गर्न सक्ने छन् । नेपालले पनि चीनको एक क्षेत्र एक मार्ग परियोजनाबाट द्विपक्षीय व्यापार सुदृढ सम्पर्क विस्तार गर्न अवसर पाउनेछ । यो अवसरको अधिकतम उपयोग गर्न सक्यो भने नेपालले भारतमाथि मात्रै रहेको एकोहोरो व्यापार परनिर्भतालाई कम गर्न सक्छ ।

नेपालले चीनसँग क्षेत्रीय सहयोग प्रबर्द्धनका विषयमा छलफल गरी उसले विज्ञान र प्रविधिको क्षेत्रमा गरेको प्रगतिबाट लाभान्वित हुन सक्छ । यातायात र सञ्चारको क्षेत्रमा नेपालले चीनसँग प्रशस्त लाभ लिन सक्छ । सडक सञ्जालको निर्माण र विस्तार रेलसेवाको विकास, सूचना प्रविधिको विकास जस्ता क्षेत्रमा नेपालले चीनको आर्थिक र प्राविधिक सहयोग लिन सक्छ । यसका लागि नेपालले चीनलाई आर्थिक एवं प्राविधिक सहयोगका लागि राजी गराउन सक्नुपर्छ । साथै आफ्नो सरोकारका विषय प्रस्टसँग राख्न सक्नुपर्छ । ओबिओआरबाट नेपालले लाभ लिन सक्ने क्षेत्रहरूमा कृषि, उद्योग, ऊर्जा र पर्यटन देखिन्छ । नेपालले चीनसँग कृषि क्षेत्रमा आर्थिक लगानी, कृषि प्रविधिको विकासमा सहयोग, कृषि उत्पादनको बजारीकरण जस्ता विषयमा लाभ लिन सक्छ । उद्योगको क्षेत्रमा चीनको पुँजीलाई नेपालमा उद्योग कलकारखानाको स्थापना, विकास र सञ्चालनमा उपयोग गर्ने गरी विशेष आर्थिक क्षेत्रहरूको स्थापना र सञ्चालनमा उपयोग गर्न सक्छ । यसले रोजगारीको सिर्जना मात्र नगरी उत्पादन वृद्धि र आर्थिक प्रगतिका लागि सहयोग पुग्छ । नेपालले ऊर्जा उत्पादन र उपयोग एवं ऊर्जा व्यापारबाट लाभान्वित हुने अवसर पाउँछ । काठमाडौं, पर्यटकीय नगर पोखरा र शान्तिका अग्रदूत बुद्धको जन्मस्थल लुम्बिनीलाई चीनसँग जोड्ने हो भने नेपालको पर्यटन प्रबर्द्धनका लागि कोसेढुंगा सावित हुनेछ ।

भूपरिवेष्ठित नेपाललाई सडक सञ्जालले जोड्न सकिएमा विश्वको ठूलो पर्यटन बजारका चिनियाँ पर्यटक नेपाल पुग्ने र यस आयोजनामार्फत नेपालमा पूर्वाधारको निर्माण गर्नसके चीन र अरू देशको पनि लगानी भित्रिने विश्लेषण गरिएको छ । ओबीओआर प्राचीन चीनको रेसममार्ग (सिल्क रोड) को नयाँ रूप हो भन्दा हुन्छ । रेसम मार्ग त्यस समयको चीनले आफ्नो सभ्यता, संस्कृति र मौलिकतालाई पश्चिमा देशसम्म पुर्‍याउने र आफ्नो बन्द व्यापारलाई फैलाउने रणनीतिका साथ अघि सारेको निकास मार्ग हो ।उनीहरूले त्यस समयमै एसियादेखि युरोपसम्म आफ्नो उत्पादन पठाउन र आफ्नो जनशक्तिलाई व्यापारका लागि त्यसतर्फ जान सजिलो पार्नसमेत यो मार्गको अवधारणा ल्याएका हुन् ।

# चुरे संरक्षणको खाँचो (४)



**जगदीश लामिछाने**
रौतहट, पौराई

कुनै पनि देशले आफ्नै बाध्यता पहिल्याएर मात्र सुख पाउँछ भन्ने छैन । त्यो बाध्यता स्विकार गर्ने सकारात्मक क्रियाकलाप पनि चाहिन्छ । त्यस्तो नहुँदा युगयुगसम्म दुःख पाउनु अथवा आफ्नै विनास सहन बाध्य भएको पनि देखिएकै छ ।

हाम्रो हिमवतखण्ड नेपाललाई यस्तै प्रकृतिमय र सांस्कृतिक सम्पन्नतामा रहनुपर्ने बाध्यता र वरदान सँगसँगै छन् । सत्ता नै संवाहक भएनन् भनेर हात बाँधेर बस्दा र मन मारेर बस्दा नै अति आवश्यक स्वदेशभरिको चुरे संरक्षण पछि परेको हो । सत्ताको नजिकैको सहयोगी शिक्षित ज्ञानीहरुले यसैगरी पन्छी दिएमा चुरे सम्पदा घट्दै जाने मात्र होइन, हामी आफैं नेपालीको श्रीवृद्धि पनि रोकिने नै छ । वनचर हरुको भागाभाग हुँदै जाने नै छ । पानीकै स्रोत सुक्नु त स्वाभाविकै छ । यो दुःख अरु विश्वले दियो भन्नुभन्दा आफैंले गरेर हुने काममा शिक्षित अथवा ज्ञानी सहयोगीले पनि लत्तो छाड्नु हुँदैन । ढाँट अथवा अज्ञानीले लगाएको नाराले मात्र हुँदैन भन्ने त अपराध दोहोरिँदै जाने घटनाले पनि देखाएकै छन् । यस्तो थिएन भने महेन्द्र राजमार्गछेउ अरु बजार बस्ने वातावरण तयार गरिदिने योजना नै आउने थिएन । चुरे राजमार्गको कुरा नै आउने थिएनन् ।

अब विकासको पालो हुलाकी राजमार्गको हो । मध्यपहाडी राजमार्गको मात्रै हो । त्यहाँ पनि चुरे दोहनमा कडाइपन मात्र हैन मिजासिलो नकारात्मकता पनि चाहिन्छ । अभिमात्र चुरे दोहन वर्जित भई यसै हरफकर्ताको २०७५ मंसिर २१ देखिको ४ पटकको अनुरोधले सार्थकता पाउनेछ । अन्याय पुनः पुनः दोहोरिरहने छैन । दुईटा उदाहरण पनि हेरौं । एउटै काममा सहायक र सत्ता प्रमुखको शैलीले व्यापाक परिवर्तन गर्दोरहेछ । यस्ता घटना नेपाल र अन्यत्र पनि प्रशस्तै छन् ।

(१) वि.सं. २००७ को घटना : सहायक युवराज महेन्द्र र श्री ५ त्रिभुवनलाई हेरिदिए पुग्छ । सहायकले आफ्ना पितालाई सकुशल काठमाडौं २००७ वि.सं. फागुनमा ल्याए । उनैले प्रायः सबै विदेशी सेना पनि आफू वि.सं. २०२८ मा मर्नुभन्दा पहिल्यै फिर्ता पठाए । श्री ५ त्रिभुवन त्यस्ता हुन सकेनन् । अहिले काठमाडौं रानीपोखरीमा सहायककै प्रयासले सिमेन्टले पैसा टक मार्ने काम हुन पाएन । यस्ता सहायक अथवा कर्मचारी आदि देशभरमा धेरै छन् ।

(२) नेपालको हकको भूमि : अंग्रेज भारतबाट फिर्ता जानै लागेपछि बेलायतबाट १९४७ मा घोषणा गर्दा छुटाएर या होस नपाएर हितैषी नेपालले टिस्टा ब्रह्मपुत्र संगम गंगाकै किनार उत्तरको सारन क्षेत्र आदि र सतलजसम्मको एकै दिन घोषणा हुन पाएन । १९५० इ.सं. कात्तिक १४ कै सम्झौताले अझै पूर्णता पाएको छैन । नेपालको दुःख हटेकै छैन । त्यो सन्धिमा प्रम मोहनशमशेरले सही गरिसकेपछि तत्कालीन भारतीय राजदूत विजयशमशेरले दोसल्ला पाए ।

यी भए हित गर है भन्नेले गरेका तरिका नपुर्‍याई सत्ता प्रमुखबाटै गरिएका दुई कुराहरु । अब त्यस्तै केही कुरा पनि हेरौं । चुरेतर्फ यस्तो दोधारे कुरा नहोस् ।

हामी जब महेन्द्र राजमार्गमा हिँड्छौं त्यहाँ ठाउँ ठाउँ हजार बरस खडा हजार बरस पडा हजार बरस सडा साल सत्तिसाल, विजयसाल आदि विशाल रुखहरु ठाउँठाउँमा सडकका दुवैतिर हेर्दै जान्छौं । कर्णाली पुल तरेपछि जंगली जन्तुदेखि सतर्क हुँदै जान्छौं । यसैले अत्यावश्यकबाहेक यी रुखहरु काट्नै हुँदैन । यो राजमार्गलाई उसबेला श्री ५ महेन्द्रले छुट्याए भन्दा बढी जग्गा लिनै हुँदैन । त्यस्तै समस्या चुरेतर्फका वनमा पनि पर्ला मात्र हैन छुटेकै छ । त्यही योजनाबद्ध रुपले बाँदर हरुलाई प्रिय फल लगाइ रोक्न सकिन्छ र यिनले अन्यत्र पसी दुःख दिने छैनन् । उदाहरण पशुपति क्षेत्रका वनमै विशाल श्लेषमान्तक अर्थात् लप्सीका रुखहरु र अरु बाँदर प्रिय फल छँदैछन् । हेरिदिए पुग्छ । बाघ चितुवा आदिलाई पनि पछि यस्तै ढुंगाको भर माटो माटाको भर ढुंगो गराई योजना बनाएर तारबार गरेर राख्न सकिन्छ । हामीले हिमालय क्षेत्रमा पनि वन्यजन्तु क्षेत्र राखेकै छौं ।

वन तथा वन्यजन्तु मैत्री भएरै पुराना खस किराँत दनुवार माझी लिम्बू थारु मगरले वनचर तथा जलचर संरक्षण गरेकै हुन् । तिनीहरु सँगै बसेकै पनि हुन् । यस बेला उदाउँदो चीन आफ्ना विशाल जनसंख्यासँगै उन्नतिशील हुँदैछ र दक्षिण भारत पनि छ । विकृतिहरु र उनैका जनसंख्या थप्न आफैं हैरान हुन नेपाल आफैं नफसे मात्र पुग्छ ।

श्री ५ पृथ्वीकै समयछेका स्वतन्त्र भएको अमेरिका हाम्रै मित्र हो । त्यताबाट प्रजातान्त्रिक तथा न्यायका आज २०७६ सम्मै सुरक्षित लामो अभ्यास जानिदिए मात्र पुग्छ । २०७६।१।३ मा नेपालमा भ्रष्टाचार नराख है भनी राजदूतले नै कान्तिपुरमा अन्तर्वार्ता दिएकै छन् । चुरे संरक्षणको हाम्रै पनि खाँचो छ । विश्वकै पनि खाँचो नै छ । यो गर्नैपर्छ । चुरे संरक्षण गरेरै मध्यपहाडी र हुलाकी राजमार्गतिर अरु विकास डोर्‍याए पुग्छ । चुरे राजमार्ग अरु खोल्नै हुन्न । यसरी होस पुगेन भने चुरे झन् नासिँदै जानेछ र हामीहरुको प्राकृतिक सन्तुलन बिग्रनेछ ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

- मनसुन

# जोसेफ स्टालिन–३५

नेपालकै परिप्रेक्षमा भन्ने हो भनेमाओकालीन चीनले तानाशाही राजतन्त्ररपञ्चायती शासक वर्गलाई कोदारी राजमार्ग, पृथ्वी राजमार्ग, बाँसबारी छाला जुत्ता कारखाना, हेटौडा कपडा कारखाना, भृकुटी कागज कारखाना, सुनवल चिनी मिल, सेती सिँचाइ योजनालगायत थुप्रै विकास-निर्माणका काम गरिदियो । खरबौं मूल्य बराबरकोयो सहयोग झलक्क हेर्दा नेपालको विकास र नेपाली जनताका लागिझैँ देखिए पनि ती सबै तत्कालीन तानाशाही पञ्चायती सत्ता टिकाउन र बचाउनका लागि भए ।

चीनले माओत्से तुङको रातो किताब छापेर नेपाल र भारतमा पठाउँथ्यो तर तिनै किताब पढ्ने जनतालाई यहाँका शासकहरू 'कम्युनिस्ट' को आरोप लगाएर गिरफ्तार गरी जेलनेल र यातना दिएर कालकोठरीमा राख्थे । माओकाकालीन चीनको यो कस्तो कार्यदिशा ! महान्चिनियाँ जनताको रगत-पसिनाले नेपालमा निर्मित भौतिक कुराहरूले यहाँको मुठीभर प्रतिक्रियावादीहरूले राइँदाइँ गर्ने तर माओको विचार सिक्न, बुझ्न र कार्यरूप दिन खोज्ने क्रान्तिकारीहरूले चाहिँ जेलनेल भोग्नुपर्ने !

वास्तवमा नेपालको तानाशाही राजतन्त्रात्मक पञ्चायती शासक वर्गलाई चीन सरकारले सामीप्य राख्नु र आर्थिक, भौतिक सहयोग गर्नुको मूल रहस्य आफ्नो स्वशासित राज्य तिब्बतको सुरक्षा थियो किनकि पश्चिमा राष्ट्र र भारतबाट सधैं दलाइ लामालाई सहयोग र समर्थन मिल्थ्यो ।तर चीनले 'नेपालमा जनवादी सत्ता स्थापनाले मात्र त्यसको वास्तविक सुरक्षा र संरक्षण हुन सक्छ' भन्ने कहिल्यै बुझेन ।'एकचीन नीतिको समर्थक हुँ' भन्ने तर व्यवहारमा दलाइ लामाको फ्रि तिब्बत पार्टीलाई सहयोग पुग्ने गतिविधिहरूमा आँखा चिम्लने वर्तमान नेपाली बहुदलीय शासनका नाइकेहरूले त्यही चरितार्थ गरिरहेछन् । चीन हेरेको हेर्‍यै । त्यसैले त विश्वको शिखर सगरमाथामै 'फ्रि तिब्बत' को झन्डा फहरायो ।

स्मरणीय कुरा के छ भने सन् १९७१-७२ सम्म पनि चिनियाँ उपप्रधानमन्त्री होलुङले पटकपटक भनेको छ–"अमेरिकी साम्राज्यवादले चीनमाथि आक्रमण गर्ने कुरा गरेको दशकौं भयो, मेरो कपाल पनि फुलिसक्यो तर त्यो अझैसम्म आएको छैन । पर्खी बसेको छु, जबाफ कसरी दिनुपर्छ....." यस तथ्यले के बताउँछ भने चीनवरपर अर्थात् ताइवान, दक्षिण कोरिया, जापान र फिलिपिन्समा लाखौं अमेरिकी सैनिकहरू अत्याधुनिक हातहतियारले सुसज्जितभई चीनमाथि आक्रमण गर्ने बारम्बार मनोवैज्ञानिक दबाब सिर्जना गरेको रहेछ । त्यही कारण चिनियाँ नेतृत्वले राष्ट्रको सुरक्षाबाहेक अन्तर ाष्ट्रिय स्तरको कम्युनिस्ट पार्टी स्थापना गर्न र विश्व साम्यवादी क्रान्तिलाई उचाइमा उठाई सबै साम्राज्यवादी, पुँजीवादी, सामन्तवादी राज्यसत्ताहरू उखेलेर फ्याँक्ने सैद्धान्तिक, व्यावहारिक सवालएवं त्यसका लागि भौतिक आधारहरूतयार गर्दै जाने विषयमा ठोसवासशक्त अभ्यास नै गरेन । यो पश्चिमा साम्राज्यवादीहरूको चानचुने धूर्तता होइन कि उनीहरूमाओ त्से तुङजस्ता युगपुरूषलाई समेत विश्वक्रान्तिबाट विमुख बनाउन सफल भए ।तथापि यो गौण पक्ष हो भने मूलतः माओको दार्शनिक तथा सैद्धान्तिक कमजोरी मूल पक्ष हो । चिनियाँ राष्ट्रवाद नै उनको सर्वोपरि भयो, विश्वक्रान्तिमा उनले लत्तो छोडे ।किनभनेरूसका जोसेफ स्टालिन र अर्जेन्टिनी युगपुरूष अर्नेस्टो चे ग्वेभारालाई पश्चिमाहरूले केही गर्न सकेनन् ।उनीहरू आजीवन विश्वका उत्पीडित, शोषित, मुक्तिकामी जनताको पक्षमा दिलोज्यानले लडिरहे, भिडिरहे ।

यसरी तत्कालीन चिनियाँ कम्युनिस्ट पार्टी र त्यसको नेतृत्वले अन्तरविरोधका सवाल, युगान्तकारी महिलावर्गको मुक्तिकासवालहरूलाई अचुक रूपले आत्मसात् गरेको भए संसारभरि उथलपुथल हुन्थ्यो । यो शोषण, दमन, हिंसा र युद्धले अशान्ति छाएको विश्वमा महिला वर्गको अग्रणी भूमिकामा मानवजाति मुक्त हुन सक्छ र यहाँ स्थायी शान्ति छाउँछ भन्ने कुरा घामजत्तिकै छर्लङ्गिन्थ्यो ।तर चीनले त्यो अवसर थाहै नपाई गुमायो । यदि त्यो कदम चीनले चालेको भएमहान् मातृसत्तात्मक समाजबाट प्रेरणा लिएर रूस, अमेरिकाजस्ता महाशक्ति मुलुकका नारी वर्ग; क्यानाडा, ब्रिटेन, जापान, अस्ट्रेलियाजस्ता दोस्रो विश्वका नारीवर्ग एवं त्यसको प्रभावमा परी तेस्रो विश्वका नारी वर्गहरूआफ्नो मुक्ति,स्वाधीनताका लागि, मानव जातिको मुक्ति, धरतीको सुरक्षा र विश्वको स्थायी शान्तिका लागि आँधीझैँ उठ्ने थिए ।

*(क्रमशः)*

# मैले देखेको बयानब्बेऔं विश्व सम्पदा:

# नुएनवेर्गको इम्पेरियल क्यासल

सुरेन्द्र ढकाल

हाइडेलवर्गको किल्लासहितको दरबार (क्यासल), प्राचीन शहर, पुरानो पुल र हाइलिगगाइष्ट चर्चको अवलोकन गरिसक्दा दिनको ४ बजिसेकेको थियो । हामी तत्पश्चात स्पायर फर्क्यौं र हाम्रो अध्ययन र दिनचर्या आफ्नै किसिमबाट अघि बढिरहेको थियौं । त्यसै बीच अक्टोवर १९८९ को अन्तिम हप्तातिर हामीलाई जर्मनीको अर्को ऐतिहासिक शहर न्यूएनवर्ग अवलोकन गर्न लग्ने कुरा थाहा पायौं । यसले हामीलाई रोमाञ्चित गरिरहेको थियो । नभन्दै अक्टोवर महिनाको पछिल्लो आइतबार हामी एसिया, अफ्रिका र लैटिन अमेरिकाका सबै विद्यार्थीहरुलाई पूरा एकदिने कार्यक्रम अन्तर्गत बसबाट न्यूएनवर्ग लगियो ।

स्पायरबाट पूर्वतर्फ करिब २४० किलोमिटरको दूरीमा रहेको न्यूएनवर्ग पुग्न हामीलाई जम्मा २ घन्टामात्रै लागेको थियो । बिहान साढे नौ बज्दा हामी न्यूएनवर्ग पुगिसकेका थियौं । पुग्दापुग्दै हामीलाई सबैभन्दा पहिले त्यहाँको मध्यकालिन किल्लासहितको इम्पेरियल दरबार अवलोकन गर्न लगियो ।

**न्यूएनवर्गको इम्पेरियल दरबार**

चुनढुंगाले बनेको यस दरबार क्षेत्रलाई शहरी पर्खालहरुले किल्लाबन्दी गरेको रहेछ । जहाँभित्र दरबारजस्तै लाग्ने अरु मध्यकालिन भवनहरुको समूह नै रहेछ । यसै किल्लासहितको दरबार र भवनको कारण न्यूएनवर्गलाई जर्मन प्रादेशिक राज्य वभेरियाको शहरहरुमध्येकै एक मात्रै नभै युरोपकै मध्यकालिन ऐतिहासिक शहर मानिदो रहेछ ।

यस दरबारसहितको किल्लाले र शहरले पवित्र रोमन साम्राज्यको शक्ति, महत्व र युरोपमा त्यसको भूमिकाको पनि प्रतिनिधित्व गर्दछ भन्दा रहेछन् । रोमन साम्राज्यकालमा रोमनहरुले सिंगै युरोपलाई आफ्नो साम्राज्यमा गाभ्दै जाँदा उनीहरु जुन जुन शहरमा पुगे, त्यही त्यही आफ्नो राजधानी (मुकाम) बनाउँदै त्यहाँ किल्लासहितको दरबार र शहरको स्थापना गर्ने क्रममा न्यूएनवर्ग पनि पवित्र रोमन साम्राज्यको राजधानी बन्न पुगेको रहेछ ।

विभिन्न बेलामा विभिन्न जर्मन सम्राट, राजा र सामन्तहरुले यस दरबारलाई आफ्नो निवास बनाएका रहेछन् । यस दरबारसहितको किल्ला तीन भागमा विभाजित भएको रहेछ । जस्मा पहिलो भागमा किल्लासहितको दरबार, दोस्रो भागमा बुरग्रेभ्स दरबार र तेस्रो भागमा दरबारजस्तै देखिने भवनहरु पर्दा रहेछन् । किल्लासहितको दरबारको निर्माण सन् १००० मा भएको र अरु भागहरु क्रमशः त्यसपछिका शताब्दिमा बनेका रहेछन् । पहिलो भागको निर्माण पवित्र रोमन साम्राज्य अन्तर्गतको जालियन वंशले, दोस्रो भागको निर्माण होहेनस्टाउफेन सम्राट र तेस्रो भाग अन्तर्गतका शहर र भवनहरु मध्यकालका पछिल्ला शताब्दिमा क्रमशः बन्दै गएका रहेछन् ।

सन् १६१८ देखि ४८ सम्म चलेको ३० वर्षे गृहयुद्धको बेलामा यस दरबारले आफ्नो महत्व गुमाएको पछि यसको मध्यकालिन महत्वलाई बुझी १९औं शताब्दिमा आएर यस दरबारको महत्वलाई कायम राख्न केही सुधारात्मक कार्य गरिएको रहेछ । पछि जर्मनीमा नाजीको शासन आएपछि यसलाई पूर्णरुपमा जिर्णोद्धार गरी पुरानै अवस्थामा फर्काइएको रहेछ । दोस्रो विश्वयुद्धताका भएको हवाई आक्रमणको कारण यो किल्लासहितको दरबार भग्नावशेष बन्न पुगेको रहेछ जसलाई पुनर्निर्माण गरी पहिलेकै अवस्थामा ल्याउन ३० वर्ष लागेको रहेछ ।

दरबार पुग्न हामी चुनढुंगाको सानो पहाड चढी हिम्मेल्सटोर (स्वर्गद्वार) बाट भित्र छिऱ्यौं । द्वारसँगै बोहेमियन परिवारले बनाएको हाजेनबुर्ग नामक टावर रहेछ । त्यसको सँगै रहेको १३ औं शताब्दीको आधाआधीमा बनेको सिलिण्डर जस्तो देखिने टावर रहेछ जसलाई सिनवेल टावर भन्दा रहेछन् । यस टावरलाई सन १५६० मा अग्लो बनाइएको रहेछ । भित्र छिर्दै जाँदा एउटा झण्डै काठले बनेको घरको भित्रपट्टि ज्यादै गहिरो इनार रहेछ जुन दरबारजत्तिकै पुरानो रहेछ । यसको गहिराइ ५० मिटर र पानीको सतहको गहिराइ ३ मिटर भनेर लेखिएको रहेछ । इनार सफा गर्न मिल्ने गरी तलैसम्म खोपाहरु बनाइएको रहेछ जसले इनारमा छिर्ने मान्छेको लागि भऱ्याङको काम गर्दो रहेछ । त्यही इनारकै छेवमा स्नानघर र लुगा फेर्ने गरी दुई साना कोठा रहेछन् ।

यो इनारले तत्कालिन समयमा दरबारको लागि आवश्यक पानी पुरै पूर्ति गर्दो रहेछ । अगाडि बढ्दै जाँदा बाहिरी चोकमा कास्टेलन्सगेवइड, सेक्रेटेरियाट गेवइड र फिनान्च्जस्टाडेल नामक सरकारी काम काज संचालन गर्ने भवनहरु रहेछन् । उत्तर मध्यकालिन समयमा बनेका यी भवनहरु दोस्रो विश्वयुद्धकालमा ध्वस्त भएपश्चात पुनरनिर्माण भएका रहेछन् । त्यसपछि दरबारको भित्री चोकमा पस्ने भित्री द्वार रहेछ । यहाँ जालियन वंशको भग्नावशेषलाई संरक्षण गरिएको रहेछ । यहीँबाट इम्पेरियल सापल (शाही गजुर) र दरबार मुख्य कक्ष केमेनाट (महिला गृह) देखिदो रहेछ ।

मुख्य दरबारलाई पलास नामाकरण गरिएको रहेछ । दुई तला भएको यो दरबारको पहिलो तलामा सम्राटको कार्यकक्ष र दोस्रो तलामा सम्राटको निवास रहेछ । पछि यसलाई दरबार प्रदर्शनीको रुपमा विकास गरिएको रहेछ । दरबारको आकर्षण भनेको खास इम्पेरियल सापेल नै रहेछ । यसको वास्तुशैलीकै कारण यो विश्वविख्यात हुन पुगेको रहेछ ।

सोपानको ढाँचामा बनेको यो सापेल (गजुर) ले मध्यकालीन समयमा समाजको वर्ग विभाजन कसरी भएको रहेछ भनेर जनाउन खोजेको रहेछ । इम्पेरियल सापेलसँगै त्यही बेला बनेको हाइडेनटुर्म नामक अर्को टावर रहेछ । यद्यपि त्यहाँ रहेका हाइडेनकालीन मूर्ति तथा पेन्टिङहरु त्यहाँबाट हटाइएको बताइँदो रहेछ । केमेनाट (महिलागृह) को निर्माण चाहिँ होहेनस्टाउफेन कालमा बनेको रहेछ । यो भवन १९४५ मा आगलागीमा परी ध्वस्त भएपछि पुनर्निर्माण गरिएको रहेछ ।

यति कुराहरु अवलोकन गरेपछि हामीलाई बुरग्रेभ्स दरबार अवलोकन गराउन लगियो । यो दरबार सिनवेलटावर लुगिन्सलाण्डको बीच क्षेत्रमा ठडिएको रहेछ । १४२० मा यो दरबार पुरै ध्वस्त भएको कारण यहाँभित्र भएका बहुमूल्य वस्तुहरु नगरपालिकाले खरिद गरी संरक्षण गरेको रहेछ । यी पुराना दरबारको समूहको उत्तरमा एक पाँच चुच्चे (पेन्टागोनाल) गोथिक शैलीको इँटाले बनेको टावर ठडिएको रहेछ । यस टावरलाई बुरग्रेभ्स दरबारको महत्वपूर्ण अंशको रुपमा लिइँदो रहेछ । यसै टावरसँगै अर्को एक वालवुर्गा सापेल (गजुर) देखिदो रहेछ । दोस्रो विश्वयुद्धमा पुरै ध्वस्त भएको यो गजुर सन १९७० मा पुनर्निर्माण गरिएको रहेछ ।




बाहिरबाट हेर्दा इम्पेरियल दरबार यस्तो देखिन्छ



दरबारभित्र छिर्ने हिम्मेल्सटोर (स्वर्गद्वार) यस्तो रहेछ



दरबारभित्रका गहिरा इनार हेर्दै पर्यटकहरू



दरबारभित्रको इम्पेरियल सापल (गजुर) यस्तो रहेछ




दरबारभित्रका सिनवेल टावर



दरबारभित्र सुरेन्द्र एसिया, अफ्रिका र लेटिन अमेरिकाका मित्रहरूका साथ १९८९ अक्टोबरमा




सम्राटको कार्यकक्ष र निवास भएको दुईतले भवन पलास



दरबारभित्रको महिला गृह केमेनट

# ११. पुष्पलालको काठमाडौं आगमन र कम्युनिस्ट पार्टीमा मेरो प्रवेश




■ शम्भुराम श्रेष्ठ

७ गते फागुन २००७ साल, राजा त्रिभुवनबाट 'नेपालको अन्तरिम शासन विधान' र मोहन शमशेरको प्रधानमन्त्रित्वमा राणा-कांग्रेस संयुक्त मन्त्रिपरिषद्को गठनबारे शाही घोषणा भएको केही दिनपछि पुष्पलाल कलकत्ताबाट काठमाडौं आइपुगे र त्यही दिन मेरो घरमा आए । २००४ साल वैशाखमा काठमाडौं उपत्यकामा भएको जनआन्दोलनको अन्तिम दिन तत्कालीन राणा प्रधानमन्त्री पद्मशमशेरको विशालनगरस्थित दरबारमा हामी छुट्टिएदेखि अर्थात् म जेल चलान गरिएँ र पुष्पलालहरु रिहा भई आआफ्नो घर गएदेखि हाम्रो भेट भएको थिएन । झन्डै ४ वर्षदेखि त्यो पनि राणा शाहीको अन्त्यपश्चात् नयाँ, रमणीय, स्वतन्त्र वातावरणमा एकाएक भेट हुँदा खुसीले एकछिन त हामीहरुको मुखबाट बक पनि फुटेन । हामीहरुले बोल्नै सकेनौं । त्यसपछि मात्रै आपसमा आराम बिरामबारे सोध्ने काम भयो । अनि दुवै जना चिया खान बस्यौं र विस्तारै देशको मौजुदा राजनीतिक स्थितिबारे विचार आदानप्रदान गर्‍यौं । अनि पुष्पलालले मलाई नेपाल कम्युनिस्ट पार्टी ज्वाइन गर्न आग्रह गरे । मैले तत्कालै पार्टी ज्वाइन गर्न स्वीकार गरें र त्यसको निम्ति उनकै प्रतिक्षामा रहेको बताएँ । अनि उनले पार्टी प्रवेश गर्नको निम्ति फारम झिकें र मैले त्यसमा हस्ताक्षर गरें । भोलिपल्टै मलाई पार्टीको सदस्यता प्रदान गर्नुको साथसाथै पार्टीको उत्तरगण्डक प्रान्तीय कमिटीको सदस्यको रुपमा राखियो । त्यसको केही दिनपछि नै मलाई उक्त प्रान्तीय कमिटीको सेक्रेटरियट सदस्यमा प्रमोट गरियो र त्यस प्रान्तको किसान मोर्चा सम्हाल्ने जिम्मेवारी दिइयो । त्यसको लगत्तै अखिल नेपाल किसान संघको काठमाडौं उपत्यका समितिले मलाई त्यस समितिको सचिव पदमा चुन्यो । फलतः यस क्षेत्रका पार्टी र किसान संघका कामका जिम्मेवारीहरु मेरो काँधमा आए साथै नेपाल प्रजापरिषद्को केन्द्रीय कार्यकारिणी समितिको सदस्यको हैसियतले त्यसको जिम्मेवारी त छँदै थियो । म काममा ज्यादै व्यस्त हुन थालें ।

मैले कम्युनिस्ट पार्टी ज्वाइन गरे लगत्तैको कुरा थियो । एक दिन टंकप्रसाद आचार्य, रामहरि शर्मा, पुष्पलाल श्रेष्ठ र म, शम्भुराम श्रेष्ठ, पन्नामान मल्लको (प्रजापरिषद्को काठमाडौं जिल्ला समितिको एक सदस्य) भीमसेनथानस्थित घरमा संयुक्त मोर्चाको आवश्यताबारे छलफल गर्न बस्यौं । छलफलको क्रममा नेपाल एक अर्धऔपनिवेशिक तथा अर्धसामन्ती मुलुक भएको हुँदा नेपाली क्रान्तिको आजको मुख्य काम भनेकै विदेशी साम्राज्यवाद (जसअन्तर्गत भारतीय विस्तारवाद पनि पर्छ) लाई राष्ट्रिय क्रान्तिद्वारा परास्त गरी र सामन्तवादलाई जनतान्त्रिक क्रान्तिद्वारा जरैदेखि उखेनेर फाली नेपालको पूर्ण राष्ट्रिय स्वाधनिता एवं प्रभुसत्ता हासिल गर्ने सच्चा जनतन्त्र स्थापना गर्ने हुन्छ र सोको लागि संयुक्त गर्न सकिने जति सबै देशभक्त र जनतन्त्रवादी शक्तिहरुलाई एउटै मोर्चामा संयुक्त गर्नु अत्यावश्यक हुन्छ भन्ने निष्कर्षमा हामीहरु पुग्यौं । अनि हामीहरुले टंकप्रसादजीको अध्यक्षतामा नेपाल प्रजापरिषद्, नेपाल कम्युनिस्ट पार्टी, अखिल नेपाल ट्रेड युनियन कांग्रेस, अखिल नेपाल किसान संघ, अखिल नेपाल महिला संघ, नेपाल युवक संघ र अखिल नेपाल राष्ट्रिय विद्यार्थी फेडरेसन सामेल भएको 'राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चा' स्थापना गर्ने र त्यसका सबै सदस्य संगठनहरुको समानुपातिक प्रतिनिधित्व हुने गरी टंकप्रसादजीकै अध्यक्षतामा त्यस मोर्चाको केन्द्रीय कार्यकारिणी काउन्सिल गठन गर्ने पनि निर्णय गर्‍यौं । उपरोक्त निर्णयलाई यथाशीघ्र त्यसका सदस्य संगठनहरुद्वारा अनुमोदन गराउने पनि निर्णय भयो । अनुमोदन गराउने सम्बन्धमा नेपाल प्रजापरिषद् बाहेक अरु सदस्य संगठनहरुमा कुनै बाधा अडचन खडा भएन । प्रजापरिषद्मा चाहिँ चुडाप्रसाद शर्मा र अरु केही केन्द्रीय सदस्यहरुले सुरुमा कम्युनिस्ट पार्टीसँग संयुक्त मोर्चा गर्नु हुँदैन भनेर दुवै विरोध गरेका थिए तर पछि उनीहरुकै केही लागेन र उनीहरुले समेत विरोधमा मतदान पनि गरेनन् ।


२००७ सालको चैत महिनाको पहिलो हप्तामा (तिथि-मिति याद भएन) नेपाल प्रजापरिषद्को भुइँखेलस्थित केन्द्रीय कार्यालयमा 'राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चा' को स्थापना सम्मेलन भयो, जसले संयुक्त मोर्चाको कार्यक्रम पास गर्नुको साथसाथै टंकप्रसाद आचार्यको अध्यक्षतामा सबै सदस्य संगठनहरुको बराबर सदस्यता भएको केन्द्रीय कार्यकारिणी काउन्सिल पनि गठन गर्‍यो । त्यसको भोलिपल्ट नै तीन धारा पाठशाला नजिकैको चौरमा 'राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चा' को स्थापनाबारे विधिगत रुपले घोषणा गरियो । कम्युनिस्ट पार्टीले 'राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चा' को महासचिवको रुपमा आफ्नो पोलिटब्युरो सदस्य शैलेन्द्रकुमार उपाध्यायलाई नियुक्त गरेको थियो ।

नेपालको राष्ट्रिय जनतान्त्रिक क्रान्तिमा यो संयुक्त मोर्चाले अत्यन्तै ठूलो र महत्वपूर्ण भूमिका खेल्ने थियो । तर सो मोर्चा गठन भएकै दिनदेखि नै नेपाली कांग्रेसको नेतृत्व र सरकार दुइटै त्यसको विरोधमा निस्केका थिए र २००८ साल माघ महिनामा भएको केआइ सिंह काण्डमा कुनै आधार बिना नै नेपाल कम्युनिस्ट पार्टीलाई मुछेर नेपाली कांग्रेसको मातृका सरकारले त्यसमाथि प्रतिबन्ध लगायो । नेपाली कांग्रेस सरकारको यो गैरजिम्मेवार एवं कम्युनिस्ट विरोधी कार्यले नेपाल प्रजापरिषद्का चुडाप्रसाद शर्माहरुको मोर्चा विरोधी क्रियाकलापलाई पनि ठूलो मौका प्रदान गर्‍यो ।

# सोल : सर्पको मासु जहाँ लोकप्रिय छ-३

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**



यसरी केही वर्षपहिलेसम्म हामीकहाँ जस्तै केही सानातिना तथा मझौला उद्योगहरू मात्र भएको यस देशमा हाल फलाम, सिमेन्ट, कोइलाजस्ता भीमकाय उद्योगहरू तथा माछाउद्योग, काठकारखाना, जहाजनिर्माण, रेसमउद्योग, इलेक्ट्रोनिक सरसामान, रासायनिक मल, विविध खाद्य उद्योगहरू आदिको सञ्चालन तथा कार्यान्वयनमा विस्तृतता तथा आधुनिकता भएको तथ्य उनीबाटै थाहा भयो । निश्चय नै विकासको प्रक्रियालाई खँदिलो रूपमा सञ्चालन गर्ने दक्षिण कोरिया पूर्वीय देशका निमित्त एउटा नमुना भएको छ । यस सन्दर्भमा विश्व बैङ्कद्वारा हालसालै (सन् १९७७ मा) प्रकाशित एक रिपोर्टको सम्झना हुन्छ, जसमा अति गरिब विकासोन्मुख राष्ट्रको पङ्क्तिबाट उठेर दक्षिण कोरिया अहिले एउटा अर्धसम्पन्न औद्योगिक राष्ट्र तथा सबल निर्यातक मुलुक हुन पुगेको छ ।

**कोरियाको खाना समुद्री कीराको बाना**

सोल पुगेको तेस्रो दिन बिहान विमानमा भेट भएका पत्रकार मित्रलाई फोन गर्दछु । उनी तुरुन्तै म बसेको होटेलमा आइपुग्छन् र त्यो दिन उनले मलाई सोलको विभिन्न ठाउँमा घुमाउने अठोट गरेका हुन्छन् । हाम्रो नेपाली खाना-दाल, भात, मस्यौरा, तामा, गुन्द्रुक भनेझैँ उनले प्रथमतः त्यो दिन कोरियाको खाना खुवाउन लग्छन् । यसलाई समुद्रीखाना भन्दा रहेछन् । यो खाना निकै स्वादिष्ट होला भन्ने सोचेको थिएँ । तर गजब ! अनुमानविपरीत यसमा समुद्रमा पाइने विभिन्न प्रकारका माछाहरू मात्र होइन, आफूले कहिल्यै नदेखेका घिनलाग्दा समुद्री कीराहरू पनि समाविष्ट रहेछन् । देख्दैमा जीउ सिरिङ्ग हुने र वाकवाकी लाग्ने भए तापनि मित्रले नरमाइलो ठान्लान् भन्ने विचारले आफ्नो मनलाई खूबसित बाँधी सिद्ध्याउँछु ।

**कोरियामा बौद्ध धर्म**


खानापछि मित्र महोदयले विभिन्न पार्क, पेगोडा, मन्दिर र पुराना दरबार-भवनहरूमा घुमाउन लग्छन् । यस बेला मित्रसँग भएको वार्तालापद्वारा कोरियामा मुख्य गरी बौद्ध र कन्फुसियस, त्यसपछि क्रिस्चियन धर्मावलम्बीहरू भएको अवगत हुन्छ । त्यहाँ चार हजारजति बौद्ध मन्दिर, असी लाखजति बौद्धमार्गी र सत्र हजारजति बौद्ध भिक्षु रहेछन् । 'दियालोमुनि अँध्यारो' भनेझैँ बौद्ध धर्मको उत्पत्तिस्थल नेपालमा यो धर्म त्यत्तिको प्रचलित छैन जत्तिको कोरिया, जापान, लाओस र भियतनाम आदिमा रहेछ । नेपालमा जस्तै यहाँ धार्मिक सहिष्णुता रहेछ । भारतबाट बौद्ध धर्म प्रतिपादित भएको भन्ठान्ने उक्त मित्रलाई बुद्धको जन्म नेपालको पवित्र स्थल लुम्बिनीमा भएको र उनी नेपालका विभूति हुन् भन्ने विस्तृत जानकारी मैले गराएपछि उनमा आश्चर्यको सीमा रहेन ।

**कोरियाली गाउँको झाँकी**

एउटा अर्को कुरा झल्झली सम्झेको छु-पपजुसा मन्दिरतिर टुरबसद्वारा गइरहँदा बाटोमा बस रोकियो । पेट्रोल हाल्न वा अरू कुनै कारणले रोकिएको होला भन्ने विचार गर्दै थिएँ । हाम्रा गाइडले माइकद्वारा फुकिहाले- "सज्जनवर्ग, अब हामी तपाईंहरूलाई कोरियाली गाउँले जीवनको झझल्को दिन एउटा गाउँलेको घरमा लग्दै छौं, कृपया बिस्तारै ओर्लनोस् ।" सबै यात्रीहरूले हर्षले भनौं वा कुतूहलले हो चराहरूले झैँ चींचीं र चूँचूँ आवाज निकाले । मलाई पनि कोरियाली गाउँले जीवन कस्तो होला भन्ने लागिरहेको थियो । मूलबाटो छाडी तीन-चार मिनेटजतिको गोरेटो बाटो भई भित्र पस्दा दुई-तीनओटा सानासाना छाप्राहरू देखिए । त्यतातिर पुग्दा एक जना अधबैंसे आइमाई परालको सुकुल बुन्दै गरेकी, दुई जना युवकहरू परालको डोरी बाट्दै गरेका र एक जना बोके दाह्री भएको बूढो भने केही काम नगरी पर्यटकहरूले फोटो खिच्दा डिच्च हाँस्दै सकेसम्म राम्रो फुर्तिलो पोज बनाउँदै गरेको देखें । सानासाना केटाकेटीहरू 'काम्सा हाम्निदा, काम्सा हाम्निदा' (धन्यवाद, धन्यवाद) भन्दै कराइरहेका सुन्दा हाम्रा भाइबहिनीले विदेशीहरू देख्दा 'नमस्ते', 'बाई-बाई' भनेको सम्झना भयो । कोरियाली गाउँले जीवनको झाँकी देख्दा साथी पर्यटकहरू ज्यादै दङ्ग परेका तथा चाख मानीमानी फोटो खिच्ने गरेको देख्दा हाम्रो देशमा पनि पर्यटनउद्योगको विकासका लागि यस्तो कल्पना नै नगरेका झाँकीहरू पनि प्रदर्शित गर्ने व्यवस्था हुनु वाञ्छनीय छ भन्ठानें, यद्यपि आफूलाई यस किसिमको गाउँले स्थिति आफ्नै देशमा यथेष्ट हुँदा यसमा कुनै चाख लिन सकेको थिइनँ ।

**यौनस्वच्छन्दता**

हामी पूर्वीय जातिहरू अधिकांशतः आफ्ना धार्मिक, सामाजिक तथा सांस्कृतिक विषयमा समान धारणा राख्दछौं । तीमध्ये नारीहरूमा पवित्रता हुनुपर्छ भन्ने हाम्रो चोखो धारणालाई पश्चिमेली समाजले गिज्याइरहेको हुन्छ र ऊ स्वतन्त्र यौनसमागममा गौरव ठान्दछ । सोलमा चहार्दा दक्षिण कोरियाले विकासको मूल फुटाइरहँदा पश्चिमबाट केवल उन्नतिका तत्व मात्र सिकेको, आयात गरेको होइन किन्तु आफ्ना परम्परागत धारणामा समेत आँच ल्याउने किसिमको पश्चिमेली नारी 'यौनस्वच्छन्दता' अन्धाधुन्ध अपनाई आफ्ना असङ्ख्य दिदीबहिनीहरूलाई अनुचित रूपले वेश्यावृत्तिमा होमिरहेको कुरा कोरियन पुरुषसमाजले चाल नपाएको जस्तो लाग्यो । त्यहाँका अधिकांश युवतीहरू विवाह हुनुअघि नै यौनदृष्टिबाट जुठा भइसकेका र त्यसलाई त्यहाँका सभ्य भनाउँदाहरूले नयाँ फेसन भनी चित्त बुझाइदिँदा पुराना बूढापाकाहरूको मुखमा बुजो लागेको हुन्छ भन्ने सुनियो । यस दृष्टिबाट हेर्दा हाम्रो यहाँको धारणाअनुसार चरित्रहीन ठहरिने युवतीहरू दक्षिण कोरियामा खचाखच रहेछन् भन्नुमा अतिशयोक्ति हुनेछैन । सोलमै छँदा कसैसँग भएको गफसफबाट थाहा पाएको हुन्छु-नवागन्तुक परिचित व्यक्तिसित हामीले हाम्रो ठाउँमा भए सन्चो-बिसन्चो के छ सोध्नेझैँ त्यहाँ पहिलोपल्ट सोधिने प्रश्न नै त्यस नयाँ ठाउँमा कतिपल्ट कति जना केटीसँग रात बिताइसकेको छ भनी सोध्नु हुन्छ रे । यस्तो कुरा सुन्दा स्वभावैले मलाई छक्क लाग्यो ।



**सोलको रात्रिजीवन**

सोलको स्मृतिलाई खोतल्दा त्यहाँको रङ्गीन रात्रिजीवन पनि बिर्सनै नसकिने गरी अगाडि आउँछ । रात पर्दै आएपछि सोलका विभिन्न स्थानमा विभिन्न प्रकारका यौनउन्मुख नाचहरूको प्रदर्शन हुन्छ । यसबाट यो सहर पश्चिमेली सहरभन्दा कम छैन भन्ने छर्लङ्ग हुन्छ । साँझ पर्दै आएपछि आफू बसेको होटेलको मटानमा घुइँचो लागी बस्न आएका अधिकांश युवतीहरू दर्ता भएका वेश्याहरू रहेछन् भन्ने थाहा पाउँदा आश्चर्यको सीमा रहेन । तिनीहरू ग्राहकको खोजीमा सधैँ यसरी आउने गर्दा रहेछन् । यसै होटेलको सबभन्दा माथिल्लो तलामा अवस्थित नाइट क्लब त झन् आश्चर्यलाग्दो रहेछ । त्यहाँ एकातिर युवकयुवतीहरू हातेमालो, आलिङ्गन आदि गर्दै गानाको तालमा ताल मिलाउँदै नाचिरहन पाउने हुन्छन् त अर्कोतिर जोकोहीले पनि आफूलाई मन पर्ने जोकोही युवतीलाई पनि अनुरोध गर्नासाथ मानौं आफ्नै पत्नीजस्तो भइदिँदा रहेछन् । अनि तिनीहरू नअघाएसम्म अस्थायी जोईपोइझैँ बस्ने रहेछन् । यसरी स्वच्छन्द रूपले मनपर्दो युवतीसँग हँसीखुसी, आलिङ्गन गर्न पाउने स्थानहरू देख्दा तीन छक पर्नु कुनै आश्चर्यको कुरो थिएन । *(क्रमशः)*

**गजल**

## उठ्नुपर्छ अब

**दुर्गामणि भण्डारी (दीपक)**

नेपाली एकता कहाँ छौं उठ्नुपर्छ अब
देशबासीको विकासमा जुट्नुपर्छ अब
घोरिएर विचार गरौं चुक्यौं कहाँ कहाँ ?
निदाएको पायौं दिनमा उठ्नुपर्छ अब ।

वर्गसत्ता परिवर्तन भएर खै के भो
आफैंबाट कायापलट गर्नुपर्छ अब
तिमी आऊ म आउँछु सँगसँगै जाऔं
स्वयं स्वार्थ आजैदेखि छुट्नुपर्छ अब ।

भेला भई यसैगरी विचार माझौं साथी
प्रगतिशील सिर्जनाहरु फुर्नुपर्छ अब
भ्रष्टाचारी धेरै बढे विपरीत भो विकास
मिलीजुली देशद्रोहीलाई कुट्नुपर्छ अब ।

रक्तरञ्जित ध्वजाहरु हल्लाएर आऊ
क्रान्तिकारी विचारधारा हुल्नुपर्छ अब
पालो हाम्रो बुझी अब एकताको दीप
देशैभरि जनजनमा डुल्नुपर्छ अब ।

अतिवादी उग्रवादी अनेकन समूहले
स्थायित्व र विकासलाई सुन्नुपर्छ अब
गोलमेचै गरौं बरु दल पार्टी हुन्न भने
सिंगो देश निर्माणमा जुट्नुपर्छ अब ।

भयो अब आलोपालो पद खान छोडी
गुणतन्त्र व्यवहारमा बुझ्नुपर्छ अब
राष्ट्रियता जोगाउँदै यथार्थमा आउन
विकार फाली मनैदेखि उठ्नुपर्छ अब ।

## एक्लो मान्छे

**पूर्ण विशाङ्खे**


बाक्लो भीडको बीचमा
एउटा मान्छे हेरिरहेको
केवल शून्यतामा फर्किएर
छुट्याउन खोज्छ कालो र सेतो बादल
चर्को घामको लप्कादेखि
भाग्न खोज्छ टाढासम्म
क्षितिज टाढिन्छ
दिन र रातमात्र फरक छ ।

एक्लो मनमा सोचाइहरु बरालिइरहन्छन्
सुस्त पाइलाहरु अगाडि बढ्छन्
तर अफसोच
कतै नपुगेका कतै नटेकेका
पुकार गर्छ
ज्यान बचाइदिन
हरेकलाई भगवान भन्छ ।

वैशाखीको खुट्टो भाँचिएको छ
काम्रो बाँधेर अडिएको छ भीडको, बीचमा
अन्तरलापसँगै शरीरलाई लतारेर
एकता खोज्छ नियालेर
पलपल थुकको घुड्को निलेर
निरस्कारलाई आशिर्वाद ठानी
पल्टाउँदै आँखाका नानीहरु
खोज्छ भित्रभित्रै दानीहरु

एक्लो जीवन
वाक्क पनि हुन्छ आफ्नो देशसँग
अनि रुन्छ कुनातिर लागेर ।

## कुरिलोको फाइदाहरू



अंग्रेजीमा Asparagus भनिने Asparagus racemosus वानस्पतिक नाम भएको कुरिलोलाई संस्कृतमा शतावरी भनिन्छ । नेपालको मैदानी जंगलदेखि लिएर चार हजार फिटदेखि नौ हजार फिटको उच्च हिमाली भूभागसम्ममा पाइने कुरिलोलाई आयुर्वेदले औषधिकी रानी भनेको छ ।

काँडा भएको र नभएको गरी दुई प्रकारको हुने यो वनस्पतीमध्ये उच्च हिमाली भेगमा पाइने कुरिलोलाई अस्पारागस पिलिसिनस भनिन्छ । यसको काँडा हुँदैन तर औषधीय गुण भने समान हुन्छ । एस्मेरेगेमिन ए नामक पोलीसाइक्लिक अल्कालाइड स्टेराई आयुर्वेदले बुद्धिवर्धक अग्निवर्धक र शुक्रदौर्बल्य नाश गर्ने औषधीय गुण भएको भनेर चर्चा गरेको कुरिलोको सेवन पीडा कम गर्न स्तनपान गराइरहेका महिलाको दूध आउन छाडे दूधको वृद्धि गर्न पिसाब पोल्ने समस्यामा कामोत्तेजना वृद्धिका लागी अनिद्रा भोक नलाग्ने समस्या पाचन प्रणालीमा सुधार पेटको ट्युमर घाँटीमा भएको संक्रमण ब्रोंकाइटिस लगायतका रोगमा यसको जरा र काण्डको प्रयोग उत्तम मानिन्छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# रुवान्डा नरसंहार : त्रासदीका ती दिन



विष्णु भट्टराई

अप्रिल ६, १९९४ : तत्कालीन रुवान्डाका राष्ट्रपति जुवेन हेविअरिमाना र बुरुन्डीका राष्ट्रपति सिप्रोननातायामिरा चढेको जहाजलाई राजधानी किगाली ओर्लन लाग्दै गर्दा धमकेदार बमले उडाइयो। घटना कसले घटायो भनेर अड्कलबाजी भइरहँदा सरकारी रेडियोले प्रपोगान्डा समाचार प्रचारण गर्‍यो, 'घटना तुत्सी आतंकवादीले घटाएको आशंका छ।'

मान्छेभित्रको रगत उम्लिन कतिबेर लाग्छ र। ८५ प्रतिशत बहुल हुतु समुदाय उत्तेजित भइहाल्यो। दुवै राष्ट्रपति पनि हुतु समुदायकै थिए। त्यसैले उनीहरूलाई कुनै शंका रहेन कि राष्ट्रपतिको हत्यामा तुत्सी अतिवादीबाहेक अरू कसैको हात हुन सक्छ। त्यसवेला अल्पसंख्यक रूपमा रहेको तुत्सी समुदायको तर्फबाट रुवान्डा प्याट्रियोटिक फ्रन्ट (आरपिएफ) ले लामो समयदेखि अतिवादी संगठन चलाइरहेको थियो। देशबाहिर रहेको यो पार्टीले वेलावेला आतंक सिर्जना गर्थ्यो। तर, उक्त पार्टीले राष्ट्रपति हत्याको जिम्मेवारी कहिल्यै लिएन। र, आजसम्म पनि लिएको छैन।

बरु उनीहरूले उक्त घटनामा हुतु अतिवाद समुदायकै हात रहेको आरोप लगाए। किनकि उक्त घटनाको एक वर्षअघि हुतु अतिवादका केही नेताले राष्ट्रपति हेविअरिमानालगायत ठूला नेतालाई 'देशको अपराधी घोषणा' गरेका थिए। हेविअरिमानाले दुई दशकदेखि राष्ट्रप्रमुखको जिम्मेवारी सम्हाल्दै आएका थिए। त्यसअवधिमा हुतुका केही नेताबीच उनीप्रति तीव्र असन्तुष्टि थियो। त्यसैले हुतु अतिवादको एक समूहले 'देशका ती खतरनाक अपराधीलाई एक-एक गर्दै सफाया गर्ने' सूची नै सार्वजनिक गरेको थियो। तर, घटना कसले गरायो ? आजसम्मै रहस्यमा छ।

घटना जसले गराएको भए पनि यसबाट फाइदा भने हुतु अतिवादीले लिन चाहे। उनीहरूले तुत्सी समुदायमाथि राष्ट्रपति हत्याको ठाडो आरोप लगाए। र, हुतु समुदायलाई उत्तेजित बनाउने काम गरे। हुतु समुदायका नेताहरू यस्तै मौकाको पर्खाइमा थिए। किनकि तुत्सी अतिवादीले त्यहाँको सरकारको निँदहराम गरिरहेको थियो। यही मौकामा जनताको साहनुभूति लिएर तुत्सीलाई नामेट गर्न सके, चैनको सास फेर्न सकिने हुतुका नेतालाई लागेको थियो। त्यसैले उनीहरूले जनतालाई भड्काउने काम गरे। सरकारले नै रेडियो, टेलिभिजनका माध्यबाट तुत्सी समुदायविरुद्ध विष वमन गर्न थाल्यो। सरकारले सेना, प्रहरी, कर्मचारी र सर्वसाधारणलाई आह्वान नै गर्‍यो, 'मुलुक अत्यन्त संकटमा छ, सबैले एकजुट हुनुपर्ने वेला आएको छ।'

सरकारले राष्ट्रिय एकता, अखण्डताका लागि हुतु समुदाय एक हुन आह्वान गर्‍यो। र, जसको हातमा जे हतियार छ, त्यही प्रयोग गरी तुत्सीको सफाया गर्ने अनुमति दियो। भिडलाई के चाहिएको हुन्छ र! फगत एक झिल्को भए पुग्छ। त्यही झिल्कोले सर्वनाश गरिदिन्छ। त्यसपछि जे नहुनु थियो, त्यही भयो। हुतु समुदायको सत्ताधारी पार्टी नेसनल रिपब्लिक मुभमेन्ट फर डेमोक्रेसी एन्ड डेभलपमेन्ट (एनआरएमडी)को एक 'इन्तेराहाम्बे' भन्ने युवा संगठन पनि थियो, जसका कार्यकर्ता जोसिला र अन्धभक्त थिए। उनीहरू तुत्सीको नरसंहार गर्ने अभियानमा लागे। र, आफ्नो समुदायमा 'एकअर्काका लागि काम गर्ने (वर्क फर टुगेदर)' को नारा नै चलाए।

संगठनका युवा तथा स्थानीयले तुत्सीलाई खोजी-खोजी मार्न थाले। तुत्सी परिवारको कुनै एक व्यक्तिको हत्या गरेर मात्र हुँदैनथ्यो। सम्पूर्ण सदस्यको सफाया गर्ने आदेश थियो। त्यस क्रममा नवजात शिशु पनि बाँकी रहेनन्। वृद्धवृद्धा पनि बच्न पाएनन्। महिलाको झन् दयनीय अवस्था थियो। समूहिक बलात्कार त सामान्य कुरा थियो। हजारौँलाई यौनदासी बनाइयो। बलात्कारपछिको हत्या निर्ममताको पराकाष्ठा थियो। पहिला स्तन काट्थे। त्यसपछि यातना दिएर हत्या गर्थे। आफ्नै परिवारका तुत्सी समुदायको कोही रहेछ भने पनि नछाड्ने निर्देशन थियो। उनीहरूप्रति कसैले सहानुभूति देखाए, त्यसको पनि हत्या हुन्थ्यो। त्यसैले आफूले प्रेम गरेकी तुत्सी श्रीमतीको पनि हुतु श्रीमान्ले



हत्या गर्नुपर्‍यो। एकै क्षेत्रका आदिवासी जनजाति भएकाले हुतु र तुत्सीको भाषादेखि रीतिरिवाज मिल्दोजुल्दो थियो। एकै रहनसहन थियो। केही गाउँमा हुतु र तुत्सी अत्यन्त मिलेर बसेका थिए। उनीहरूमा बिहेबारी चल्नु नौलो थिएन। तर, कालान्तरमा सोचाइमा फरक आयो।

हुतु अतिवादीले आफ्नै रेडियो स्टेसन, समाचार-पत्र र टेलिभिजन सञ्चालन गरेका थिए। उनीहरूको काम नै गोयबल्स शैलीमा प्रपोगान्डा मच्चाउनु थियो। तुत्सीका बारेमा यसो भनिन्थ्यो, 'साङ्लालाई मुक्ति देऊ' (तुत्सीको हत्या गर)। तुत्सी समुदायको जो अलि ठूलो व्यक्ति मारिन्थ्यो, समाचार संस्थाहरू हर्षबढाइँ गर्थे र बढाइ-चढाइ गरेर समाचार सम्प्रेषण गर्थे। यसले हुतुलाई अझ उत्तेजित बनाउँथ्यो। हुतु युवाले त्यतिवेला तुत्सी पुजारीलाई समेत छाडेनन्। चर्चमा आश्रय लिएर बसेका तुत्सीमाथि पनि आक्रमण गरे। सडक कब्जा गरिएको थियो। विभिन्न नाकाबाट बाहिरिने स्थानमा हुतु अतिवादी युवा पहरेदार थिए। त्यहाँ परिचयपत्र हेरी तुत्सीको हत्या गर्थे।

अल्पसंख्यक तुत्सी समुदायका लागि आश्रय लिने कतै ठाउँ थिएन। उनीहरू खुला बाटो, चौरबाट भाग्न खोज्थे। तर हुतुका कोही न कोहीले भेटिहाल्थ्यो। जहाँ भेट्यो, त्यहीँ खुकुरी, लाठी, भाला, खुँडा प्रहार गरी हत्या गरिन्थ्यो। दौडँदै गरेको मानिसलाई पछाडिबाट ढुंगा हानेरसमेत हत्या गरियो। त्यतिवेला तुत्सी समुदायको पहिचान गर्न हुतुलाई कुनै समस्या थिएन। बेल्जियमको उपनिवेश रहेका वेला तुत्सी समुदाय सत्तामा थिए। राज्यको सुविधा उपयोग गर्न सरकारले परिचयपत्र वितरण गरेको थियो। त्यही परिचयपत्र नै यतिवेला अभिशाप बनेको थियो।

स्थिति यति दर्दनाक थियो कि रुवान्डाको सडक, चोक, गल्ली, चौर, जताततै लासैलासको डंगुर थियो। अन्तिम संस्कार गर्ने सदासयतासमेत कसैले देखाइरहेका थिएनन्। केही ठाउँमा सामूहिक रूपमा खाल्डो खनी पुरिए। तर, कुकुर, ब्वाँसाले खाल्डो खोस्रेर शवलाई बाहिर निकालिदिन्थे। शवको दुर्गन्धले बाटोघाटो हिँड्न नसकिने अवस्था थियो। महामारी फैलिरहेको थियो, तर पनि कसैले चासो देखाइरहेको थिएन।

यस्तो घटना करिब सय दिनसम्म निरन्तर चलिरह्यो। विभिन्न तथ्यांकअनुसार करिब १० लाखको हत्या भएको थियो। त्यसमध्ये ७० प्रतिशतभन्दा बढी तुत्सी समुदायका थिए। दुई लाखभन्दा बढी महिलाको सामूहिक बलात्कार भयो। धेरैजसो निर्मम यातना दिएर मारिए। २० लाखभन्दा बढी विस्थापित हुन पुगे। उनीहरू छिमेकी मुलुक युगान्डा, जायर र कायरोमा शरण लिन बाध्य भए। घटनाको लामो पृष्ठभूमि हुन्छ। रुवान्डा नरसंहारलाई पनि तत्कालीन घटनाक्रमको अध्ययनले मात्र बुझ्न सकिँदैन। यसको पृष्ठभूमि लामो थियो। सन् १९१८ सम्म रुवान्डाको स्थिति सामान्य थियो। देश गरिब थियो तर हिंसा थिएन। तुत्सी समुदायको राजसंस्था थियो। अल्पसंख्यक तुत्सीले बहुसंख्यक हुतुलाई शासन गर्दा निश्चय नै असन्तुष्टि हुन्छ। तर, त्यसवेलाको राजसंस्थाले युरोपको सहयोगमा शासन सत्ता चलाइरहेको थियो। पहिले यो देशमा जर्मनीको नियन्त्रण थियो। जर्मनीको पतनपछि बेल्जियमको नियन्त्रणमा रह्यो। राजसंस्थाले तुत्सीलाई राज्यका स्रोत, साधन र सेवामा पहुँच दिन परिचयपत्र वितरण गरेको थियो। त्यसवेला रुवान्डामा तुत्सी, हुतु र तोवा गरी तीन समूहमा जातीयकरण गरिएको थियो। सबैभन्दा धेरै हुतु थिए। कुल जनसंख्याको ८५ प्रतिशत ओगट्ने यो समुदायलाई भूमिपुत्रसमेत भनिन्थ्यो। तुत्सी समुदाय १५ प्रतिशतको हाराहारीमा थिए। उनीहरूको मुख्य पेसा सरकारी कामकाज थियो। साथै उनीहरू पशुपालन गरेर जीविकोपार्जन गर्थे। उनीहरूलाई राज्यले उच्च जाति मानेको थियो। तोवा समुदायको जनसंख्या नगण्य थियो।

तर, समयले राजसंस्थालाई सधैं साथ दिएन। हुतु समुदायको आवाजलाई अमेरिकाले स्थान दिन थाल्यो। युरोपले पनि राजसंस्थाको साथ छाड्यो। त्यसैको परिणामस्वरूप हुतुले सन् १९६२ मा राजसंस्था ढाले र सत्तामा पुगे। तुत्सी समुदायको विचल्ली भयो। ठूला नेता-कार्यकर्ता, कर्मचारी देश छाड्न बाध्य पारिए। निम्नवर्गकाहरू पिल्सिएर बस्न विवश भए। तुत्सी समुदायका नेता चुप बसेनन्। उनीहरूले देशबाहिरबाट पनि संघर्ष चलाइरहे। सन् १९८० को दशक भने तुत्सीको आक्रमण थेगिनसक्नु भइसकेको थियो। हुतु शासक त्यसलाई निर्ममतापूर्वक दबाउन चाहन्थ्यो। सन् १९९० देखि १९९३ सम्म तुत्सीले निर्णायक आक्रमण गर्‍यो। यसले हुतुलाई गलाउन सफल भयो। दुवै संगठनमाथि अन्तर्राष्ट्रिय दबाब पनि थियो। सन् १९९३ मा दुवै पक्षले युद्ध विराम गर्दै माग सम्बोधन गर्न राजी भए। तर, राष्ट्रपतिको हत्यापछि त्यो शान्ति-सम्झौता भंग भई त्यसले जातीय नरसंहारको रूप लिएको थियो।

रुवान्डा घटनामा अन्तर्राष्ट्रिय समुदायको मौनता उदेकलाग्दो देखिन्छ। त्यहाँ पहिल्यैदेखि राष्ट्रसंघको शान्तिसेना थियो। तर, तिनीहरूलाई हतियार उठाउने निर्देशन थिएन। शान्तिसेनाले हतियार उठाउनुको त के कुरा, सेनाकै अगाडि स्थानीयले अर्को जातिको निर्मम हत्या भइरहेको हुन्थ्यो। उनीहरूले रोक्ने प्रयाससम्म गरेनन्। सडकमा फ्रान्स, बेल्जियम र राष्ट्रसंघलगायत सेनाको बख्तरबन्द गाडी दगुर्थे। त्यही छेउबाट घरेलु हतियारधारी समूह पनि हिँडिरहेको हुन्थ्यो। सेनाका जवान मुस्कुराएर हात हल्लाउँदै अघि बढ्थे। त्यसवेला रुवान्डमा राष्ट्रसंघका २ हजार ५ सय शान्तिसेना कार्यरत थिए। त्यसका कमान्डर रोमियो डलायरले हिंसा रोक्ने निर्देशनका लागि राष्ट्रसंघसँग अनुमति मागेका थिए। त्यसवेला राष्ट्रसंघको शान्ति स्थापना विभागका इन्चार्ज कोफी अन्नान थिए, जो पछि महासचिवसमेत भए, उनले कुनै आदेश दिएनन्। पछि उनले खेद व्यक्त गर्दै भनेका छन्, 'हामी सबैलाई नमिठो खेद छ कि रुवान्डा नरसंहार रोक्न हामी केही गर्न सक्थ्यौं, तर केही गरेनौं।' अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले धेरै पछि रुवान्डा भ्रमणमा भनेका थिए- 'मलाई लाग्दैन थियो कि हामी हिंसा रोक्न सक्थ्यौं, तर निश्चित रूपमा क्षति कम गर्ने पहलचाहिँ गर्न सक्थ्यौं। मलाई यसैमा खेद छ।'

तुत्सीको पार्टी आरपिएफ युगान्डामा बसेर आफ्नो गतिविधि गरिरहेको थियो। उक्त पार्टीलाई युगान्डा सरकारको ठूलो सहयोग थियो। जब रुवान्डा सरकार र हुतु समुदाय तुत्सीको सफायामा तल्लीन थिए, आरपिएफले आफ्ना लडाकुको ठूलो समूह रुवान्डा भित्र्यायो। बिस्तारै यसले रुवान्डाको ठूलो भूभागमाथि कब्जा जमायो। नरसंहार चलेको सय दिन नपुग्दै सन् १९९४ जुलाई ४ मा राजधानी किगाली नियन्त्रणमा लियो र तुत्सीका लडाकुले राजधानीमा मार्च गरे। त्यसपछि हुतुका लडाकु, सरकारका वरिष्ठ अधिकारी र सेना प्रहरीका अधिकारी भाग्न बाध्य भए। तुत्सीले नरसंहारको बदला लिन्छन् भन्ने उनीहरूमा डर थियो। करिब २० लाख हुतु जो नरसंहारमा संलग्न थिए, सीमापारको जायर (हालको डेमोक्रेटिक रिपब्लिक अफ कंगो) मा शरण लिन पुगे। केही छिमेकी मुलुक तन्जिनिया, बुरुन्डीमा शरण लिन पुगे।

युगान्डा, तान्जिनिया, कंगो र बुरुन्डीले चारै दिशाबाट घेरेको यो सानो मुलुक भूपरिवेष्टित राष्ट्र हो। २६ हजार ३ सय वर्गकिलोमिटर क्षेत्रफलमा रहेको यो देशमा १ करोड २० लाख जनसंख्या छ। सानो मुलुक भए पनि लामो समय जातीय द्वन्द्व र गृहयुद्धमा फसेकाले कुनै वेला यहाँ व्यापक भोकमरी थियो। अधिकांश सर्वसाधारण कुपोषण ग्रस्त थिए। शिक्षा स्वास्थ्यको राम्रो व्यवस्था थिएन। तर, हुतु समुदायबाट तुत्सीले सत्ता लिएयता त्यहाँ २५ वर्षदेखि कागामे नै राष्ट्रपतिका रूपमा चुनिँदै आएका छन्। कागामे नरसंहारताका तुत्सीको आरपिएफ पार्टीका शीर्ष नेता थिए।

नरसंहारपछि जातीय सद्भाव कायम गर्ने चुनौती थियो। त्यसमा कागामे सफल रहेको विश्लेषण गरिएको छ। यतिवेला त्यहाँ जातिवादको विषयमा चर्चा गर्न प्रतिबन्ध छ। त्यहाँ स्थिर सरकार छ। आर्थिक गतिविधिमा फड्को मारिरहेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन्। कागामेले रुवान्डालाई आर्थिक हबका रूपमा विकास गरिरहेका छन्। यतिवेला रुवान्डाको आर्थिक वृद्धि ८ प्रतिशतको हाराहारी छ। प्रतिव्यक्ति आय करिब २ हजार अमेरिकी डलर छ।

*(विभिन्न एजेन्सीको सहयोगमा)*

# नयाँ वर्षमा मनाइने भक्तपुरका जात्राहरू

पर्यटन





नयाँ वर्षको दिन भक्तपुरमा मनाइने प्रसिद्ध बिस्केट जात्रा हेर्न विभिन्न जिल्लाबाट हजारौंको भीड लागेको छ । परम्परागत रूपमा तान्त्रिक विधिअनुसार मनाइने बिस्केट जात्रा शुरु भएको थियो । भेलुखेलमा उठाइएको लिङ्गो हेर्न भक्तपुर, काठमाडौं, ललितपुर, काभ्रेलगायतका विभिन्न जिल्लाबाट हजारौंको घुइँचो लागेको छ । ५५ हात लामो इन्द्रध्वजासहितको लिङ्गो जात्रा हेरे शत्रु नास हुने सहकाल आउने जनविश्वास रहेको छ । चैत मसान्तमा इन्द्रध्वजासहितको लिङ्गो उठाउने र भव्य मेला गरी साँझ लिङ्गो ढाल्ने गरिन्छ । यो जात्रा हेरेमा मनोकाक्षा पूरा हुने शत्रु नाश हुने जनविश्वास रहेको छ ।

भक्तपुरको दधिकोट र सिरुटारको सङ्गमस्थलमा रहेको प्रसिद्ध चरखण्डी मन्दिरमा दर्शनार्थीको घुइँचो लागेको छ । चरखण्डी महादेव मन्दिरको कुण्डमा स्नान गरी महादेवको पूजा गरे शरीरका सबै रोग नाश भई गरेको काम सफल हुने जनविश्वास रहेको स्थानीयवासी एवं संस्कृति अनुसन्धानकर्ता रत्न सायमीले बताउनुभयो ।

किंवदन्तीअनुसार सिकारीले मारेको भङ्गेरा चरखण्डीको पोखरीमा डुब्दा दैवी शक्तिका कारण पुनः जीवित भएर उडेको भनाइ छ । यहाँको कुण्डमा नुहाए जीउमा खटिरा, दागलगायत छालासम्बन्धी रोगबाट मुक्ति मिल्ने बुढापाकाको भनाइ छ। यही विश्वासले यहाँको कुण्डमा स्नान गर्ने भीड लागेको छ ।

प्रत्येक वर्ष वैशाख १ गते मनाइने चारखण्डी मेलामा मन्दिर परिसरमा युवाहरुले शरीरमा बत्ती बालेर बसेका छन् । शरीरमा बत्ती बालेर बसेमा पाप नष्ट हुने एवं पुण्य प्राप्त हुने जनविश्वास रहिआएको छ ।

यस मन्दिरमा बिहान ५ बजेदेखि नै तीन खटसहितको खट जात्रासमेत गरिएको छ । दधिकोटको विभिन्न क्षेत्र परिक्रमा गराई बिहानै ल्याइएको खट पुनः मन्दिर परिसरमा राखेर पूजा गर्ने गरिन्छ । त्यसैगरी दधिकोटको चित्रपुरस्थित गणेश मन्दिरमा पनि बिहानैदेखि मेला लागेको छ भने गणेशको खट जात्रासमेत गरिएको छ । दधिकोट र सिरुटारका बासिन्दाले गणेशको पूजा गरी बलि चढाएका छन् । यता सिरुटार र ललितपुरको टीकाथली गाविस जोड्ने दोभानस्थित गुप्तेश्वर महादेव मन्दिरमा पनि मेला लागेको छ ।

यता सिरुटार, बालकोटका बासिन्दाले यहाँको गुप्तेश्वर महादेव मन्दिरमा रथयात्रा गरी जात्रा मनाएका छन् । धिमे बाजाका साथ रथलाई टोल टोलमा घुमाएर पूजा गर्दै जात्रा मनाएको हो । थिमिमा चान्हेसिया अर्थात् रात्रिको जात्रा मनाइयो । चैत मसान्तको दिन साँझबाट शुरु गरी रातभर सञ्चालन हुने चान्हेसिया अर्थात् रात्रिको जात्रा थिमिमा सम्पन्न भएको छ । मध्यपुरथिमिका बासिन्दाले मनाउने उक्त जात्रामा बालकुमारीलाई थिमिको लायकू दरबारबाट जात्रा गरी बालकुमारी मन्दिरमा ल्याएर विराजमान गराई चान्हेसिया जात्रा शुरु गरिएको थियो ।

मध्यपुरथिमि क्षेत्रमा सोमबार हर्षोल्लासका साथ ३२ खटसहितको सिन्दुर जात्रा मनाइएको छ। बिस्केट जात्राको अवसरमा मध्यपुरथिमिमा मात्र मनाइने विभिन्न जात्रामध्ये सिन्दुर जात्रा पनि प्रसिद्ध मानिन्छ । सिन्दुर जात्रालाई स्थानीय नेपाल भाषामा सुथः सिया भनिन्छ । एक आपसमा सिन्दुर दल्दै र छ्यापाछ्याप गरी मनाउनु यो जात्राको प्रमुख विशेषता हो । सिन्दुरेजात्रा समापनसँगै मध्यपुर ठिमीको बोडेमा जिब्रो छेड्ने जात्रा पनि मनाइन्छ । त्यसअघि पमाहरु हातहातमा चिराग अर्थात बत्ती लिएर पमा नाइकेको अनुमतिमा बालकुमारीको खट उचालेपछि दिगुटोलस्थित देवता घर परिक्रमा गराइन्छ । मूल देवता खटमा राखी धिमेबाजाका साथ चिराग बाली सिन्दुरे जात्रा मनाइने गरिन्छ ।

जात्रा प्रत्येक चोक, चौबाटो, घर र टोलमा पुग्दा घरका झ्याल, कौसी र छतबाट सिन्दुर छर्ने, फूल बर्साएर स्वागत गर्ने प्रचलन छ । यात्रामा एक अर्कामा सौहार्दपूर्ण रुपमा सिन्दुर दल्ने, छ्याप्ने र नेवारी बाजाको तालसँगै नाच्ने गरिन्छ । जात्रामा काँया बाजा, भुस्याबाजा, धिमेबाजा बजाएर देवताका खटलाई घुमाउँदै एक अर्कालाई सिन्दुर दल्ने, आपसमा सिन्दुर खेली स्थानीयले रमाइलो गर्ने भएकाले पनि यसलाई सिन्दुर जात्रा भनिएको हो ।

प्रेरक

## रणजित सिंहको न्याय



एकपटक महाराज रणजित सिंह कतै जाँदै थिए । अचानक कतैबाट बत्तिएर आएको एउटा इँटको टुक्राले उनको खुट्टामा लाग्यो । उनले आफूमाथि कसले किन इँट प्रहार ग(यो भन्ने अनुमान लगाउन सकेनन् । सिपाहीले चारैतिर हेर्दा एक वृद्धालाई देखे । उनीहरूले तिनैलाई गिरफ्तार गरी महाराजसामु पेस गरे ।

राजालाई देखेपछि ती वृद्धा थरथर काम्न थालिन् । राजाले केही भन्नुभन्दा पहिल्यै उनले हात जोडेर भनिन्–

महाराज मेरो नाति दुई दिनदेखि भोको थियो । उसलाई खुवाउन म बयरको रूखमा इँट प्रहार गरिरहेकी थिएँ । तर, गल्तीले गर्दा हजुरलाई लाग्यो । मलाई माफ गर्नुहोस् महाराज ! महाराज रणजित सिंहले केहीबेर सोचे र ती वृद्धालाई एक हजार रुपैयाँ दिएर पठाइदिए । ती वृद्धा महाराजको जयजयकार गर्दै घरतिर गइन् । महाराजको व्यवहार देखेर कर्मचारी र सिपाही छक्क परे । जसलाई सजाय दिनुपर्ने थियो, राजाले उसलाई पुरस्कार दिएका थिए । एक कर्मचारीले सोधे पनि– महाराज जसलाई दण्ड दिनुपर्ने थियो, उसलाई पुरस्कार किन ? साथै, उसले यसबारे अन्य मानिसले पनि थाहा पाए भने राजाको सुरक्षामै समस्या उत्पन्न हुन सक्ने र अरूले पनि राजामाथि इँट या पत्थर प्रहार गर्न सक्ने खतरा रहेकोबारे पनि चिन्ता प्रकट गरे ।

उनको गुनासो सुनिसकेपछि केही गम्भीर हुँदै महाराज रणजित सिंहले भने– तिमीले गरेको चिन्ता ठीक हो । तर, एउटा रूखले त आफूमाथि प्रहार गरिएको इँट या पत्थरको बदलामा मिठो फल दिन्छ भने म एक राजा भएर पनि उनलाई कसरी खाली हात फर्काउन सक्थेँ ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । मनको डर उत्साहमा रूपान्तरित हुनेछ । पढाइमा गुरुजनको मार्गदर्शन उपयोगी हुनेछ । सहपाठीहरू पछि पर्नेछन् भने मिहिनेतले प्रतिष्ठा दिलाउनेछ । दिगो काम प्रारम्भ गर्ने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

### वृष

निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला । काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन् । पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ । भूमि तथा पशुधनबाट लाभ मिल्नेछ । तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । शुभचिन्तकहरूलाई साथमा लिएर काममा जुट्नुहोला, महत्त्वाकांक्षी योजना थालनी हुनेछ ।

### मिथुन

विभिन्न अवसर प्राप्त हुनुका साथै सफलताको यश प्राप्त गर्ने छ । नियमित कामले पनि उत्साह जगाउनेछ । सहयोगीहरूले प्रतिस्पर्धाको दौडमा जित दिलाउन सक्छन् । श्रम गर्नुपरे पनि मनग्गे धनलाभ हुनेछ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुन सक्छ । सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ । रचनात्मक काममा जुट्ने समय छ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।

### कर्कट

अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ । शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुस्ख पाइनेछ । खर्च हुने डरले सताउन सक्छ । वादविवादबाट टाढा रहनुहोला । अर्थ अभावले सताए पनि आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला । इर्ष्या गर्नेबाट जोगिनुपर्ने समय छ । आजको मिहिनेतले भविष्यमा नाम, दाम र प्रतिष्ठा दिलाउनेछ ।

### सिंह

अरूका लागि बुद्धि र समय खर्चनुपर्ला । तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ । आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् । प्रतीक्षित नतिजा प्राप्त गर्न काम दोहोर्याउनुपर्ला । स्वास्थ्यका कारण लक्ष्यमा पुग्न केही विलम्ब हुनेछ । भोजलगायत विशेष खानपानको अवसर प्राप्त भए पनि स्वास्थ्यका लागि अलि सजग रहनुपर्ला ।

### कन्या

समयमा होस नपुग्नाले आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ । भैपरी आउने खर्च बढे पनि यात्राको प्रक्रिया अघि बढाउन सकिनेछ । फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ । दिगो आम्दानी हुने काम फेला पार्न सकिनेछ । आस मारेको कामले उत्साह जगाउनेछ ।

### तुला

प्रयत्न गर्दा व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ । आम्दानीका विभिन्न स्रोत देखिए पनि लगानीतर्फ लागत बढ्नेछ । कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ । आफ्नो लाभांशमाथि अरूले दाबी-विरोध गर्न सक्छन् । अरूको मुख ताक्ने बानीले पनि अलि पछि परिनेछ ।

### वृश्चिक

तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ । गुमेको स्थान प्राप्त हुनाले आफ्नो वर्चस्व बढ्नेछ । विशेष भेटघाटले काममा उत्साह बढाउला । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । आँटले कीर्तिमानी दिलाउनेछ । अरूको प्रभावमा परिने हुँदा गोपनीयता भंग हुन सक्छ ।

### धनु

श्रम परे पनि लगनशीलताले विशेष उपलब्धि दिलाउनेछ । भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ । पुरुषार्थी काम गर्दै लाभ उठाउन सकिनेछ । मिहिनेत गर्दा उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । काम सम्पादन नभए पनि दिगो योजना बन्नेछ । मनमा अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ । तारिफयोग्य काम गर्दै कीर्तिमानी हातपार्ने समय छ ।

### मकर

अनायासै शरीर कमजोर बन्नाले चिताएको काममा जुट्न नसकिएला । साथ दिनेहरू नहुँदा दुःख पाइनेछ । बाध्यताले अप्ठ्यारो पार्न सक्छ । सामान्य काममा धन र श्रम खर्च हुनेछ । आफ्नो गोपनीयता भंग हुनाले समस्यामा परिनेछ । सहयोगीहरू पछि हट्नेछन् भने कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । स्वास्थ्यका लागि व्यायाम र आहारविहारमा ध्यान पुर्याउनुहोला ।

### कुम्भ

अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ । राम्रो नतिजा हातपार्न काम दोहोर्याउनुपर्ला । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ । रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । मनग्गे अर्थ लाभ हुनेछ ।

### मीन

परिस्थितिवश सानोतिनो समस्याले अल्झाउनेछ । मिहिनेतीहरूका लागि भने समय उत्साहजनक नै रहनेछ । प्रतिस्पर्धामा विजयी भइनेछ भने ईर्ष्या गर्नेहरूले हार खानेछन् । पराक्रमद्वारा अधिकार स्थापित हुनेछ । यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला । बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ । ईर्ष्या गर्नेहरूलाई मिहिनेतको पाठ सिकाउन सकिनेछ ।

## यात्राले गर्‍यो राम्रो व्यापार



शुक्रबारदेखि रिलिज भएको चलचित्र 'यात्रा'ले राम्रो व्यापार गरिरहेको छ । चलचित्रले शुक्रबार र शनिबार राम्रो व्यापार गरेको निर्माता सुशिल पोखरेलले जानकारी दिए । आइतबार भने चलचित्रको टिमले काठमाण्डौका केही हलमा पुगेर दर्शकसँग प्रत्यक्ष साक्षात्कार गरेको छ । आइतबार काठमाण्डौको गोपीकृष्ण मुभिजमा नायक सलिनमान बनियाँ, नायिका मलिका महत्त, कलाकार सलोन बस्नेत लगायतको टिम पुगेको थियो ।


चलचित्र हेर्न हलमा पुगेका दर्शकले सलिनलाई भेट्दा हुटिङ गरे । सलिनले पनि दर्शकलाई गुलाबको फूल दिदै माया दर्शाएका थिए । सम्राट शाक्यको लेखन तथा निर्देशनमा तयार भएको चलचित्रलाई दर्शकले मन पराएका छन् । चलचित्र लामो समयसम्म चल्ने आशा निर्माता पोखरेलको छ । यस्तै, चलचित्रको टिम काठमाण्डौको अष्टनारायण हलमा पनि पुगेको थियो । दर्शकले चलचित्रलाई माया दिएको भन्दै धन्यवाद दिन हलमा पुगेको निर्माता पोखरेलले जानकारी दिए । नायक सलिनमान बनियाँ ४ जना बडिगार्डको सुरक्षा घेरामा हल पुगेका थिए । यो चलचित्रबाट सलिनको कामको पनि प्रशंसा भैरहेको छ ।

## "पोई पर्‍यो काले"मा पूजा र आकाश अनुबन्धित

चलचित्र 'तिमी सँग' का निर्देशक शिशिर राणाको लेखन तथा निर्देशनमा तयार हुन लागेको नयाँ चलचित्र 'पोई पर्‍यो काले' मा नायक आकाश श्रेष्ठ र नायिका पूजा शर्मा फाइनल भएका छन् । उनीहरुले एकसाथ चलचित्रमा संझौता गरेका छन् । चलचित्रको छायांकन जेठबाट सुरु हुनेछ । चलचित्रको बिषयमा बोल्दै निर्देशक राणाले भने-'यो चलचित्र रुप भन्दा पनि मन राम्रो हुनुपर्छ भन्ने कथालाई प्रस्तुत गर्छ ।'

यस चलचित्रका लागि नायिका पूजा शर्माले महंगो पारिश्रमिक लिएकी छिन् । उनले यो चलचित्रका लागि २० लाख पारिश्रमिक लिएकी हुन् । चलचित्रमा आकाश र पूजाको जोडीलाई हेर्न सकिनेछ । योसँगै आकाश र पूजाले एकसाथ तेस्रो चलचित्रमा काम गर्ने पक्का भएको छ । चलचित्रलाई कात्तिकको ८ गते लक्ष्मीपूजाको अवसर पारेर रिलिज गरिनेछ ।

## "पसिना" को फस्टलुक रिलिज




चलचित्र 'पसिना' को फस्टलुक रिलिज भएको छ । नयाँ बर्षको अवसर पारेर चलचित्रको पहिलो अनुहार सार्वजनिक गरिएको हो । मजदुरहरुको कथालाई पर्दामा उठान गरेको यो चलचित्रको फस्टलुकमा नायक गौरव पहारी, नायिका अनु शाह र कलाकार सरोज खनाललाई स्थान दिइएको छ ।

आर.बी.खत्री शरदको निर्देशनमा तयार भएको यो चलचित्र वैशाखको २७ गतेबाट रिलिज हुँदैछ । चलचित्रमा राम केसीको छायांकन, राजनराज सिवाकोटी, दिपक शर्मा, थिरज राईको संगीत, नबिन निरौलाको सम्पादन, शिव बीक र राजीब समरको नृत्य, देव महर्जनको एक्सन छ । 'गरौ सत्कर्म, बगाउ पसिना' भन्ने नारा बोकेको चलचित्रलाई मजदुरहरुको सिनेमा भनिएको छ । निर्देशक शरदकै कथा रहेको चलचित्रकी निर्मात्री शान्ता ढकाल हुन् । चलचित्रका कार्यकारी निर्माता संजय महत्तो हुन् ।

## "दयारानी" को गीत रिलिज

अभिनेता दयाहाङ राई र अभिनेत्री दीया पुन स्टारर फिल्म 'दयारानी' को पहिलो गीत नयाँ वर्ष २०७६ को अवसरमा सार्वजनिक भएको छ । 'चिरी च्याट्टै' बोलको गीतमा राजनराज सिवाकोटीको शब्द, संगीत र स्वर छ । उनलाई गायनमा गायिका मेलिना राईले साथ दिएकी छन् । लोक फ्लेवरमा ढालेर तयार पारिएको गीतमा दया र दीया फिचर्ड छन् । विक्रम स्वाँरको कोरियोग्राफी रहेको गीतको भिडियोलाई रवि न्यौपानेले खिचेका हुन् ।

'कुटुमा कुटु सुपारी दाना' 'सुर्के थैली खै ?', 'चेप्टे चेप्टे पेरुङ्गो', 'गोजीमा दाम छैन' लगायत लोकप्रिय गीतका सर्जक राजनराजको खातामा अर्को हिट नम्बर थपिने निश्चित छ । 'चिरी च्याट्टै' गीतका शब्दहरु सजिलै मुखमा झुण्डिने खालका छन् । भिडियोमा पनि निर्माण टिमले राम्रै मिहिनेत गरेको देखिन्छ । दया र दीयाको केमेस्ट्री उस्तै कमालको देखिएको छ । यो फिल्मलाई कलाकार तथा निर्माता माओत्से गुरुङले पहिलो पटक निर्देशन गरेका हुन् ।

जेठ १० गतेबाट देशभर प्रदर्शनमा आउने यो फिल्मले एक खराब श्रीमान र एक दयालु श्रीमतीको कथा भन्ने निर्देशक गुरुङले बताएका छन् । सिनेमा आर्टस्को ब्यानरमा निर्माण भएको फिल्मको कथा निर्देशक स्वयंले लेखेका छन् ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Virulent = विरोधी He is quite virulent on the use of modern medicine (आधुनिक औषधिको प्रयोगको ऊ विरोधी छ ।

Witless = पुरै मुर्ख his father was half-wit but he is totally witless (उस्को बाबु त अलिकति मात्रै मुर्ख थिए तर उ चाहीँ पुरै मुर्ख छ)

Attenuate = कमजोर वा दुर्बल वा पातलो बनाइदिनु By attacking fiercely, the soldiers attenuated the enemy's line (डरलाग्दो किसिमले आक्रमण गरी सिपाहीहरूले शत्रुको घेरालाई कमजोर पारिदिए)

Bountiful= प्रशस्तै A good harvest results in bountiful supply of foods (बाली राम्रो हुँदा खाद्यान्नको आपूर्ति पनि राम्रै हुन्छ)

Cursory=हतपतमा गरिएको, सरसरति गरिएको A cursory investigation of the incident proves that the firing was taken place there (सरसरति गरिएको अनुसन्धान अनुसार त्यहाँ गोली हानाहान भएको देखिन्छ )

Dissident = विद्रोही The police used teargas as the dissident students turned violent (विद्रोही विद्यार्थीहरू हिंसामा उत्रनासाथ प्रहरीले अश्रु ग्यास प्रयोग गर्‍यो)

Extradition = सुपुर्दगी Because of the assult on the part of terrorists in cross boarder areas, the neighbouring countries signed a treaty of extradition सीमा क्षेत्रमा हुने आतंककारीको हमलाको कारणले गर्दा दुई छिमेकी देशहरूले सुपुर्दगी सम्बन्धी सन्धिमा हस्ताक्षर गरे)

Fret = चिन्ताले निधार खुम्चाउनु Better work hard in time rather than fretting over the poor grades (थोरै नम्बर आयो भनेर निधार खुम्चाउनुभन्दा बेलैमा कडा परिश्रम गर्नु राम्रो हुन्छ)

Grapple = परास्त गरिदिनु । जुधिरहनु he has been grappling with this problem for the long time (लामो समयदेखि नै ऊ यो समस्यासँग जुधिरहेको थियो)

Heydays = राम्रा दिनहरू In his heydays he was appreciated by many but now he is abandoned even by his relatives उसका राम्रा दिनहरूमा सबैले उसको तारिफ गर्दथे तर अहिले भने उसका नातेदारले पनि उसलाई त्यागेका छन्)

## सहिद गंगालालको जन्मजयन्ति




काठमाडौं । सहिद स्मारक समिति ललितपुरले आदर्श कन्या मा.वि. मंगलबजारको हाताभित्र २२ वर्षको युवावस्थामा शहिद बन्नुभएका अमर सहिद गंगालाल श्रेष्ठको १०१ औं जन्मजयन्ति मनाएको छ । समितिका कोषाध्यक्ष मोहनराज शाक्यको सभापतित्व र बुद्धिजीवी हरिभक्त श्रेष्ठले संचालन गरेको सो कार्यक्रममा प्रजापरिषदका सदस्य विनोद आचार्यले नेपालका नेताहरू नेता नभई, कुकुरको संज्ञा दिंदै कुकुरको भुकाइ र टोकाईमा जनता पिल्सिरहेकाले त्यस्ता गलत प्रवृत्तिको भण्डाफोर गर्नुभयो ।

कवि हरिदास श्रेष्ठले चुनावताका हाम्रा नेताहरूले गर्ने व्यवहार र चुनाव पछि गर्ने व्यवहारको तुलना गर्दै रोचक पारामा "समृद्धि" शीर्षकको कविता वाचन गर्दै सो शब्दले नेपाली जनतालाई गिज्याइरहेको छ भनी चोटिलो प्रहार गर्नुभयो । सरिता श्रेष्ठले नेपालमा वातावरणबारे चेतना नभएकोले वातावरणको विषयमा कवितामार्फत शहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो । रामकृष्ण हाडाले शहिदहरूको योगदानबारे चर्चा गर्दै सहिदको इच्छा, चाहनाप्रति बज्र प्रहार भइरहेको छ भन्नुभयो ।

कार्यक्रममा राष्ट्रवादी राजनीतिक जनजागरण अभियानका ललितपुर संयोजक विष्णुसिंह डंगोल, राजनीतिज्ञ ज्ञानकुमारी कटुवाल, स्थानीय महिला सहभागी मन शाक्य, राष्ट्रिय समाज सुधार संस्थाका संयोजक शंकर मघैयालगायतले आआफ्नो मन्तव्य राखेका थिए । सभाको सभापतित्व गर्नुभएका मोहनराज शाक्यले मानिसले तीन कार्य गरेर धन्यवाद प्राप्त गर्न सकिन्छ- अफ्ठ्यारोमा परेकालाई सहयोग गरेर, सामाजिक कार्य गरेर र पवित्र कार्यक्रमहरूमा सहभागी भएर भन्नुभयो ।

## Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get haircut = कपाल काट्नु He gets his hair cut in every three month ऊ हरेक तीन महिनामा एक पटक कपाल काट्छ ।

Get cought = च्यापिनु She got her finger badly cought in the door ढोकामा उनको औंला नराम्ररी च्यापियो ।

Get going = चालु राख्नु Do you still get your old car going? तिम्रो पुरानो कार अझै चालु छ ?

Get talking = कुरा गर्ने बनाउनु After he started taking medicine against mental problem, it is difficult to get him talking मानसिक रोगको औषधि लिन शुरु गरेपछि उसलाई कुरा गर्ने बनाउनै गाहारो छ ।

Get to help with = केही कुरामा मद्दत गर्नु Normally. Mothers get their children to help with their homeworks साधारणतया आमाहरुले नै बच्चाहरुलाई उनीहरुको गृहकार्य गर्न मद्दत गर्छन ।

Get somebody to understand = कसैलाई बुझाउनु I could never get him understand about my situation मैले उसलाई कहिले पनि मेरो परिस्थितिबारे बुझाउन सकिन ।

Get working on = कुनै कार्यमा संलग्न हुनु Now a days he tends to get working on air pollution in city areas आजकाल ऊ शहरी क्षेत्रमा हुने वायुप्रदूषण सम्बन्धी कार्यमा संलग्न छ ।

Get scrubbing = घोट्न, पुछ्न वा रगड्न थाल्नु We have three hours time to clean this temple so let's get scrubbing हामीसँग यो मन्दिर सफा गर्न ३ घन्टाको समय छ, पुछ्न शुरु गरौं ।

Get to know = थाहा पाउनु Already yesterday I got to know that you are here तिमी यहाँ छौ भन्ने कुरा मैले हिजै थाहापाएको थिएँ ।

Get to like = मनपराउनु As soon as you meet, you get to like her तिमीले भेटने बित्तिकै उनलाई मनपराउँछौ ।

## सुडोकु–अंक १४७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ३ | | ४ | |
| ३ | ८ | | | १ | | | ७ | |
| | | | | | ८ | ९ | | |
| | १ | ५ | | | ४ | | ६ | |
| | | | | २ | | | | |
| | ७ | | ८ | | | २ | ९ | |
| | | ९ | २ | | | | | |
| | २ | | | ६ | | | ८ | ५ |
| | ३ | | ५ | | | | | |

## अंक १४६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ७ | २ | १ | ९ | ४ | ५ | ८ | ३ |
| ९ | ८ | ३ | २ | ७ | ५ | ६ | ४ | १ |
| १ | ५ | ४ | ६ | ८ | ३ | ७ | २ | ९ |
| ५ | ९ | ७ | ८ | ३ | ६ | ४ | १ | २ |
| ४ | २ | १ | ७ | ५ | ९ | ३ | ६ | ८ |
| ८ | ३ | ६ | ४ | २ | १ | ९ | ७ | ५ |
| ७ | ४ | ९ | ३ | १ | २ | ८ | ५ | ६ |
| २ | ६ | ५ | ९ | ४ | ८ | १ | ३ | ७ |
| ३ | १ | ८ | ५ | ६ | ७ | २ | ९ | ४ |

# बेपर्बाह खर्च : बजेटको आधा हिस्सा बेरुजु, ३५ अर्ब गम्भीर प्रकृतिको अनियमितता

**देश कहालीलाग्दो भ्रष्टाचारमय छ भन्ने कुरा भर्खरै महालेखा परीक्षकले राष्ट्रपतिलाई बुझाएको वार्षिक प्रतिवेदनले उजागर गरेको छ। देशको विकास द्रुत गतिमा भइरहेको छ भन्दै 'सुखी नेपाली र समृद्ध नेपाल' को नारा बोक्ने प्रधानमन्त्री ओली, अध्यक्ष प्रचण्ड र त्यसलाई विश्वास गर्ने सचेत नेपालीहरूले कृष्ण ज्ञवाली र कृष्ण आचार्यको यो लेख पढ्दा राम्रो होला।**

**- सुरेन्द्र ढकाल**

**कृष्ण ज्ञवाली . कृष्ण आचार्य**

काठमाडौँ। कानुन उल्लंघन गरी मुलुकको ढुकुटीबाट भएको अनियमित खर्च ६ खर्ब ८३ अर्ब रुपैयाँ पुगेको छ। राज्यकोष आयव्ययको अन्तिम लेखापरीक्षण गर्ने संवैधानिक निकाय महालेखा परीक्षक कार्यालयले सार्वजनिक गरेको ५६औं वार्षिक प्रतिवेदनअनुसार गत वर्ष मात्रै १ खर्ब ४१ अर्ब ५ करोड ५ रुपैयाँ बेरुजु थपिएको छ।

जसमा संघीय सरकारतर्फ १ खर्ब ६ अर्ब ३३ करोड ८० लाख, प्रदेश तहमा १९ करोड ५१ लाख छ। गत वर्षको मात्रै स्थानीय तहको बेरुजु २४ अर्ब १४ करोड १६ लाख र विभिन्न संघसंस्था तथा जिल्ला समन्वय समितिको १० अर्ब ३७ करोड ५८ लाख रुपैयाँ बेरुजु छ।

स्थानीय तहतर्फ गाउँ र नगरपालिकाको आर्थिक अनुशासन नभएकाले बेरुजु बढेको हो। लेखापरीक्षण भएको आर्थिक वर्ष २०७४र७५ को बजेट १२ खर्ब ७८ अर्ब रुपैयाँ थियो। हालसम्ममा उक्त बजेटको आधा हिस्सा रकम अर्थात् ६खर्ब ८३ अर्ब रुपैयाँ बेरुजु पुगिसकेको देखिन्छ। बेरुजुको यो आकार एकै वर्षको होइन।

बेरुजुमध्ये करिब २५ प्रतिशत असुलउपर गर्नुपर्ने प्रकृतिको छ। असुल गर्नुपर्ने करिब ३५ अर्ब ४७ करोड गम्भीर प्रकृतिका अनियमितता र प्रचलित ऐनरनियमको ठाडो उल्लंघन हुने गरीको खर्च हो। नियमित गर्नुपर्ने बेरुजु ५१ अर्ब ६९ करोड र पेस्की बेरुजु ४७ अर्ब ४० करोड रुपैयाँ छ। गत वर्ष महालेखा परीक्षक कार्यालयले कठोर नीतिकाकारण असुलउपर गर्नुपर्ने बेरुजुको हिस्सा निकै बढेकोमा यस पटक त्यसको हिस्सा घटेको देखिन्छ।

सरकारी निकायतर्फ सबैभन्दा बढी बेरुजु अर्थ मन्त्रालयको छ। कुल बेरुजुको २९.६६ प्रतिशत हिस्सा बोकेको अर्थको बेरुजु ३१ अर्ब ५३ करोड रुपैयाँ छ। भौतिक मन्त्रालयकै बेरुजु २० अर्ब ६६ करोड रुपैयाँ छ। रक्षा मन्त्रालयको ११ अर्ब २३ करोड रुपैयाँ छ। प्रतिवेदनअनुसार यो वर्ष राज्यले २ खर्ब ५२ अर्ब रुपैयाँ राजस्व उठाउन बाँकी छ। यो गत वर्षको तुलनामा ५६ प्रतिशत बढी हो। सरकारले उठाउनुपर्ने कर असुल गर्न नसक्दा राजस्व बक्यौता देखिन्छ। कर उठाउन प्रभावकारी पहल नहुँदा र विभिन्न राजनीतिक लबिइङका आधारमा गठन हुने कर फर्स्योट आयोगका कारण कर तिर्न अटेर गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ।

राष्ट्रपति विद्यादेवी भण्डारीलाई प्रतिवेदन बुझाएपछि आयोजित पत्रकार सम्मेलनमा महालेखा परीक्षक टंकमणि शर्माले गत वर्ष व्यापार घाटा बढेर११ खर्ब ६३ अर्ब रुपैयाँ पुगेको बताए। उनका अनुसार पछिल्लो दुई वर्षमा व्यापार घाटाको अनुपात अस्वाभाविक बढेको हो। दुई आर्थिक वर्षमा अकासिएको व्यापार घाटाको वृद्धिदर झन्डै ६४ प्रतिशत छ। 'यसले भुक्तानी सन्तुलनमा समेत प्रभाव पारेको छ,' उनले भने, 'विलासिताका सामान प्रयोगमा नियन्त्रण गर्न राजस्व दरमा पुनरावलोकन गरी व्यापार घाटा घटाउनुपर्छ।'

प्रतिवेदनअनुसार अन्तराष्ट्रिय दातृ निकायले सरकारको स्वीकृतिबिना १३ करोड ४३ लाख अमेरिकी डलर बराबर रकम परियोजनामा आफूखुसी खर्चेका छन्। २९ अर्ब ३६ करोड रुपैयाँ वैदेशिक सहायताको लेखापरीक्षण भएको छैन। हरेक नेपाली नागरिकको टाउकोमा ३१ हजार ७ सय ५० रुपैयाँ वैदेशिक ऋणको भार छ, जुन गत वर्षको तुलनामा ७ हजार ४३ रुपैयाँ बढी हो।

असारमा विकासे खर्च देखाउने प्रवृत्ति गत वर्षकै जस्तो छ। १० खर्ब ८४ अर्ब रुपैयाँ सरकारले खर्च गरेकोमा असारमा मात्रै २ खर्ब २२ अर्ब रुपैयाँ खर्चेको छ। यो कुल खर्चको २० प्रतिशत हो। त्यसको आधा हिस्सा असार २५ देखि ३१ मा खर्च भएको छ। निजीकरण भएका १८ संस्थानमध्ये १२ वटा सञ्चालनमा छन्। सञ्चालनमा नरहेका संस्थानको करोडौंका सामान प्रयोगविहीन भएको प्रतिवेदनमा उल्लेख छ। तिनै सञ्चालनमा नरहेका संस्थानका कर्मचारीको तलबका लागि भने गतवर्ष मात्र सरकारले २० करोड ५९ लाख रुपैयाँ खर्चेको छ।



५७ करोड ५९ लाख रुपैयाँ सेयरबिक्रीको पुँजीगत लाभकर उठ्न सकेको छैन। ६५ जना डाक्टरले ५ करोड २२ लाख रुपैयाँ कर छलेका छन्। रारा विमानस्थलमा काम गर्ने कम्पनीले हेटौंडाको पेट्रोलपम्पबाट एक करोड १ लाखको इन्धन खर्च देखाएको छ। भरतपुरको एक बियर कम्पनीलेफ्लोमिटर बिग्रेको देखाई १४ करोड९६ लाख रुपैयाँ अन्तःशुल्क छलेको प्रतिवेदनमा उल्लेख छ। एउटा व्यक्तिले झन्डै १६ लाखमा डेढ रोपनी जग्गाखरिद गरेर पर्सिपल्ट ४६ करोड रुपैयाँमा बिक्री गरेका छन्। नागरिक उड्डयन प्राधिकरणले २४१ वटा आसामीबाट २ अर्ब ३७ करोड रुपैयाँ उठाउन बाँकी छ। आयल निगमको तीन डिपोबाट ३ करोड ६५ लाख रुपैयाँको इन्धन नोक्सानी भएको छ। रानीपोखरी पुनर्निर्माणमा २ करोड ६० लाख रुपैया नोक्सानी भएको छ। गत वर्ष मात्रै ३१ करोड ८० लाख रुपैयाँ आर्थिक सहायता बाँडिएको छ।



### राष्ट्र बैंकका कर्मचारीद्वारा कर छली

तलबको तुलनामा २२ प्रतिशतभन्दा बढी भत्ता खाने राष्ट्र बैंकका कर्मचारीले सहुलियतपूर्ण ऋण शीर्षकमार्फत करछली गरिरहेको देखिन्छ। 'राष्ट्र बैंकले कर्मचारीलाई विभिन्न प्रकारकासहुलियत ऋण प्रदान गरेकोमा आयकर ऐन २०५८ बमोजिम प्रचलित ब्याजदरभन्दा सहुलियत ब्याजदर कम भएमा कम भएजतिको दरले हुन आउने रकमलाई कर्मचारीको आयमा समावेश गरी रोजगारीको आय गणना गर्नुपर्नेमा आयमा समावेश गरेको छैन,' प्रतिवेदनमा भनिएको छ, 'यसबाट शुल्क र ब्याजबाहेक ५ करोड ९८ लाख पारिश्रमिकमा कर असुल गर्नुपर्ने देखिन्छ।' गत वर्ष यस्तो रकम ५ करोड ५० लाख असुल गर्नुपर्ने भनिए पनि स्थिति यथावत् रहेको प्रतिवेदनमा छ।

### चिनीमा अर्बको चलखेल

चिनी प्रकरणमा करिब एक अर्ब रुपैयाँभन्दा बढीको चलखेल भएको प्रतिवेदनले औंल्याएको छ। भन्सार महसुल, राजस्व छुट र बिक्रीमा आय कमी देखाएर १ अर्ब अर्ब रुपैयाँभन्दा बढी चलखेल भएको हो।

### बूढीगण्डकीमा प्रश्न

सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ विपरीत १२ सय मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना चिनियाँ कम्पनीलाई दिएको भन्दै महालेखा परीक्षक कार्यालयले प्रश्न उठाएको छ। 'सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा बिनाभेदभाव सहभागी हुने अवसर प्रदान गर्नुपर्ने उल्लेख छ,' प्रतिवेदनमा भनिएको छ। कम्पनी मोडेलमार्फत बूढीगण्डकी जलविद्युत् आयोजना विकास तथा निर्माण गर्न नेपाल सरकारको २०७४ वैशाख ७ मा निर्णय भएको प्रतिवेदनमा उल्लेख छ। पुनः २०७४ जेठ २१ मा चीनको एक कम्पनीसँग इन्जिनियरिङ, प्रोक्योरमेन्ट, कन्स्ट्रक्सन एन्ड फाइनान्सिङ मोडेलमा आयोजना निर्माण गर्न गरेको समझदारीपत्र नेपाल सरकारको २०७४ मंसिर ८ को निर्णयले खारेज गरेको पनि उल्लेख छ।

'सोही कम्पनीले सोही मोडेलमा आयोजना विकास गर्न २०७५र३र३१ मा पुनः इच्छा व्यक्त गरेअनुरूप नेपाल सरकारबाट २०७५र६र५ मा विद्युत् ऐन, २०४९ को दफा ३५ बमोजिम उक्त मोडेलमा आयोजना विकास तथा निर्माण गर्ने निर्णय गरेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'उपयुक्त प्रक्रिया अवलम्बन गरी आयोजना निर्माण कार्य अगाडि बढाउनुपर्दछ।'

### राजस्व बक्यौता साढे दुई खर्ब

गत वर्षसम्म राजस्व बक्यौता १ खर्ब ६१ अर्ब १६ करोड रहेकोमा यो वर्ष ५६.४५ प्रतिशत वृद्धि भई २ खर्ब ५२ अर्ब १३ करोड पुगेको प्रतिवेदनमा उल्लेख छ। 'बक्यौता रकममध्ये अर्थ मन्त्रालयको ९५.०२ प्रतिशत रहेको छ,' प्रतिवेदनमा भनिएको छ।

### वर्षान्तमा १९३ ठेक्का

प्रतिवेदनअनुसार गत वर्ष सरकारले असार महिनामा १ सय ९३ वटा ठेक्का लगाएको छ। 'आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नुपर्ने व्यवस्था छ,' प्रतिवेदनमा भनिएको छ, 'सहरी विकास, संघीय मामिला तथा सामान्य प्रशासन, ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, गृह, खानेपानी र शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयअन्तर्गत ५४ अर्ब ५७ करोड २० लाखको २ हजार ५८ ठेक्का बन्दोबस्त गरे।' यसमध्ये ५० अर्ब ६८ करोड ८२ लाखको १ हजार ७९५ ठेक्का दोस्रो र तेस्रो चौमासिकमा गरेको पाइयो। 'तेस्रो चौमासिकमा गरेको ठेक्का १९ अर्ब २८ करोड ३ लाखको १९३ ठेक्का आसारको छ,' प्रतिवेदनमा भनिएको छ।

### टुक्राटुक्रा पारी खरिद

सार्वजनिक खरिद ऐन छल्न कतिपय आयोजनालाई टुक्र्याएर काम गरेको प्रतिवेदनमा उल्लेख छ। 'सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुत्रा पारी खरिद कार्य गर्न नहुने व्यवस्था छ,' प्रतिवेदनमा भनिएको छ, 'सहरी विकास, ऊर्जा जलस्रोत तथा सिँचाइ, खानेपानी, भौतिक पूर्वाधार तथा यातायात, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा विज्ञान प्रविधि मन्त्रालयअन्तर्गत ११६ कार्यालयले संरचना निर्माण र मालसामान खरिद कार्यलाई टुत्रामा विभाजन गरी २ अर्ब ५ करोड ४५ लाखको कार्य प्रतिस्पर्धाबेगर सोझै खरिद गरेको पाइयो।' ऐनविपरीत प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गराउन नहुने महालेखाको धारणा छ।

ऐनको दफा ८(२) अनुसार खरिद प्रतिस्पर्धा सीमित हुने गरी पटकपटक सोझै खरिद गर्न मिल्दैन। 'चालु तथा पुँजीगत सम्पत्ति खरिद कार्यमा३०२ स्थानीय तहले प्रतिस्पर्धा नगराई सोझै खरिद कार्यमा २ अर्ब ५ करोड ८४ लाख ५२ हजार खर्च लेखेका छन्,' प्रतिवेदनमा भनिएको छ, 'यसरी ऐन नियमविपरीतको खरिद कार्य नियन्त्रण हुनुपर्दछ।'

### आफन्तलाई परामर्श

मौजुदा जनशक्तिबाट गर्न सकिने कार्यसमेत परामर्शदाताबाट गराएको प्रतिवेदनमा उल्लेख छ। 'यो वर्ष भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, ऊर्जा जलस्रोत तथा सिँचाइ, खानेपानी र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मातहतका इकाईले ३ अर्ब ४१ लाख परामर्श सेवा लिई खर्चेका छन्,' प्रतिवेदनमा छ, 'विभागीय जनशक्तिबाट गराउनसकिने काममा समेत परामर्शदाता राखी खर्च गरेकाले आयोजनाको लागत बढ्न गएको छ। अत्यावश्यक सेवाबाहेक विभागीय जनशक्ति परिचालन गरेर परामर्शदाताको खर्चमा नियन्त्रण गर्नुपर्दछ।'

स्थानीय तहमा सवा एक अर्बका सवारी प्रतिवेदनअनुसार स्थानीय तहले१ हजार ८ सय ७८ सवारीसाधनतथा मोटरसाइकल खरिदमा १ अर्ब १८ करोड ५५ लाख ६९ हजार खर्च देखाइएको छ। 'स्थानीय तह प्रमुख र उपप्रमुखका लागि चारपांग्रे सवारीसाधन र वडाअध्यक्ष र कर्मचारीका लागिमोटरसाइकल खरिद भएकोदेखिन्छ,' प्रतिवेदनले भनेको छ, 'सवारीसाधन खरिद नगरेका स्थानीय तहले भाडामा लिएको अवस्थाछ। अधिकांश सवारीसाधनको खरिद वित्तीय समानीकरण अनुदानबाट भएकाले अनुदानमा थप व्ययभारपर्न गएको स्थिति छ।'

## BLOOD PRESSURE CHART BY AGE

| Age | Min | Normal | Max |
|---|---|---|---|
| 1 to 12 months | 75/60 | 90/60 | 110/75 |
| 1 to 5 years | 80/55 | 95/60 | 110/79 |
| 6 to 13 years | 90/60 | 105/70 | 115/80 |
| 14 to 19 years | 105/73 | 117/77 | 120/81 |
| 20 to 24 years | 108/75 | 120/79 | 132/83 |
| 25 to 29 years | 109/76 | 121/80 | 133/84 |
| 30 to 34 years | 110/77 | 122/81 | 134/85 |
| 35 to 39 years | 111/78 | 123/82 | 135/86 |
| 40 to 44 years | 112/79 | 125/83 | 137/87 |
| 45 to 49 years | 115/80 | 127/84 | 138/88 |
| 50 to 54 years | 116/81 | 129/85 | 142/89 |
| 55 to 59 years | 118/82 | 131/86 | 144/90 |
| 60 to 64 years | 121/83 | 134/87 | 147/91 |

SHARE WITH EVERYONE

NEPALI G.K जग्गा नापमान सम्बन्धी जानकारी

1 Bigha (बिघा) = 20 Kattha (कट्ठा)
1 Bigha (बिघा) = 6772.63 m²
1 Bigha (बिघा) = 72900 sq.ft.
1 Bigha (बिघा) = 13.31 Ropani
1 Kattha (कट्ठा) = 20 Dhur (धुर)
1 Kattha (कट्ठा) = 338.63 m²
1 Kattha (कट्ठा) = 3645 sq.ft.
1 Dhur (धुर) = 16.93 m²
1 Dhur (धुर) = 182.25 sq.ft.
1 Ropani (रोपनी)= 16 aana (आना)
1 Ropani (रोपनी)= 64 Paisa (पैसा)
1 Ropani (रोपनी)= 508.72 m²
1 Ropani (रोपनी)= 5476 sq.ft.
1 Ropani (रोपनी)= 256 Daam (दाम)
1 Ropani = 4 Matomuri
1 Khetmuri = 25 Ropani
1 Aana (आना)= 4 Paisa (पैसा)
1 Aana (आना)= 31.80 m²
1 Aana (आना) = 342.25 sq. ft.
1 Aana (आना) = 16 Daam (दाम)
1 Paisa (पैसा) = 4 Daam (दाम)
1 Paisa (पैसा) = 7.95 m²
1 Paisa (पैसा) = 85.56 sq. ft.
1 Daam (दाम) = 1.99 m²
1 Daam (दाम) = 21.39 sq. ft.
1 Haath = 1.5 ft.

Remember us for the Construction 0f Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

## खोइ कसको...

उनीहरुबाटै बलात्कृत हुनुपर्छ भने यस संसारमा खोई कसको निश्चिन्त भएर विश्वास गर्नु ?

यसै प्रसंगमा प्रांगारिक विषय सर्लाहीको उत्तरपूर्वी क्षेत्रमा ०७५ मंसिरदेखि दुईटा जंगली हात्तीले निरन्तर घर श्रीसम्पत्ति र खेतबारीमा लागेको बाली समेत नष्ट गर्दै आएका छन् । अन्तर्यामी हुँ, काम्रेड प्रचण्ड वा कसले के भन्यो म थाहा पाउँछु भन्ने महिषासुर, शुम्भ, कशिपु, रावण जस्तै शक्तिशाली हुँ भन्ने इदिअमिन जस्तै प्रम ओलीले बुझ्नुपर्ने मानिसभन्दा ठूलो हात्ती होइन, खोई भयमुक्त गरेको ?

विभिन्न प्रकारका अप्रिय घटना समेत हरेक आपराधिक दुर्घटनाहरुको निष्पक्ष अनुसन्धान गर्ने विश्वभरका जुनसुकै देशमा पनि एक मात्र संस्था पुलिस प्रशासन हो । पुलिसलाई पनि हरेक जिल्लामा निगरानी गर्दै परिचालन गर्ने जिल्ला स्तरका सरकारी कार्यालयका प्रमुखहरुको पनि प्रमुख हो जिल्ला प्रशासन कार्यालयका हाकिम हुन् प्रमुख जिल्ला अधिकारी अर्थात् सीडीओ । 'निर्मला पन्त' काण्डबारे अगाडिकै २ अंकमा विस्तृत लेखिसकेको छु ।

२२२ दिन अथवा ७ महिना बार दिन पहिले अवकाश पाएका, पाँच पाँचवटा जन्म मिति भएका प्रमाणपत्रधारी जालसाज किर्ते प्र.न्या.गोपालप्रसाद पराजुलीले राष्ट्रपतिलाई शपथ खुवाउनु हुन्छ ? पराजुली जस्तै अध्ययन र नागरिकताको थरीथरीका जालसाज किर्ते प्रमाणपत्र हुनाले अवैध भनेर माननीय सांसदहरुले भन्दाभन्दै त्यस्ता अयोग्य शमीम अन्सारीलाई आयोगको प्रमुख बनाउनुहुन्छ ?

८।९ जना निर्दोष एसएसपी समेत प्रहरी र डेढ वर्षे बालकको हत्यारालाई चुनावमा उम्मेदवार हुन दिनै नहुने र जिते पनि शपथ ग्रहण गराउन नहुने ज्यानमारा रेशम चौधरीलाई सांसदको शपथ गराउने ? देशै टुक्र्याउँछु भनेर हिँडेका डा.सिके राउतलाई मेरो इसारामा न्यायसम्पादन नगरे महाभियोग लगाउँछु भनी धम्क्याएर प्र.न्या.चोलेन्द्रशमशेरबाट साधारण रुपमा जेल मुक्त गरिएका सिके राउतसँग गोप्य सम्झौता के भएको छ ? विश्व सेवी मानवको भूमिका निर्वाह गर्दै आएका निष्पृह कर्मयोगी प्रा.डा.गोविन्द केसीलाई नोबेल प्राइज दिलाउन प्रयास गर्नुपर्नेमा अनसन स्थलमै नन्दप्रसाद अधिकारी गराउने ?

शिक्षा, स्वास्थ्य, प्रहरी, सैनिक, न्यायिक भूमाफिया आदि सबै क्षेत्रमा एकाधिकार गराई, पोलपोट, इदिअमिनहरुभन्दा पनि बडी सत्ययुगी महिष, शुम्भ, हिरण्य कशिपुहरु जस्तै हुन खोज्नु हुँदैन उनीहरुले । इन्द्रलाई बनबास गराई ३ त्रिलोक १४ भुवनका ईश्वरभन्दा ठूला ब्रह्म, विष्णु, शिवले पनि नसक्ने अजेय थिए । आगोलाई चिसो, हिउँलाई तातो घाम लागेको लाग्यै नदी नबग्ने हावा पनि सबै दैत्यको आदेशहरुको पालना गर्थे । पौराणिक इतिहासबाट विदित हुन्छ ।

## आयकर...

कार्यालयले एनसेल प्रालिका नाममा उक्त रकम निर्धारण गर्दै आठ दिनभित्र दाखिल गर्न निर्देशन दिएको छ । टेलिया सोनेरा कम्पनी स्वीडेनले मलेसियाको एक्जिएटा वरहादलाई एक खर्ब ४३ अर्ब ३५ करोडमा एनसेल बिक्री गरेको थियो ।

## आर्थिक मितव्ययिता...

संसदले संसदको सार्वजनिक खरिद ऐन उल्लंघन गरी ठूलो परिमाणमा मालसामान खरिद गरेको तथ्य बाहिर आएको छ । कानुनतः २० लाख रुपैयाँभन्दा बढीको सामान टेण्डर प्रक्रियाबिना खरिद गर्न मिल्दैन । कुनै बोलपत्र आह्वान नै नगरी झन्डै ३ करोड रुपैयाँको सामान खरिद गर्नुले कानुन निर्माता संसद कानुनभन्दा माथि भएको देखाउँछ । कानुन विपरीत खरिदमा संलग्न संसदका पदाधिकारीहरुलाई कारबाहीको दायरामा सरकारले ल्याउँछ ल्याउँदैन त्यो हेर्न बाँकी नै छ ।

महालेखा परीक्षकको हिसाब जाँचमा स्थानीय सरकार फजुल खर्च प्रेमी देखिएको छ । संघीयतापछि स्थानीय सरकार सम्पन्न भएको छ र बजेटको आकार पनि बढेको छ । स्थानीय तहमा एक वर्षमा २४ अर्ब १४ करोड बेरुजु अंक दर्ज भएको छ । यसले स्थानीय जनप्रतिनिधिहरुको सुविधाभोगी चरित्रलाई सतहमा ल्याएको छ । पहिलेदेखि नै स्थानीय तहमा गाडी खरिद लगायतमा अनियमितता हुने गरेका समाचारहरु बाहिर आएका थिए । भत्ताका नाममा करोडौं राष्ट्रिय धन जनप्रतिनिधिहरुले उडाएका छन् । प्रतिवेदन अनुसार सरकारले प्रत्येक वर्ष अनुमानकै हाराहारीमा वा सोभन्दा बढी राजस्व असुली गरे पनि बजेट अनुमानको तुलनामा ७३ देखि ८६ प्रतिशतसम्म भएको र सरकारी स्रोत साधनको उपयोग क्षमता पनि कम रहेकाले बजेट अनुमानमा दक्षता बढाउनुपर्ने देखिएको छ । स्थानीय तहदेखि केन्द्र तहसम्म विभिन्न प्रकारका फजुल खर्च रोकी सुशासन कायम गर्न सरकार दृढ संकल्पिक हुन जरुरी छ ।

महालेखा परीक्षकको प्रतिवेदनले सबैभन्दा बढी बेरुजु अर्थ मन्त्रालयमा देखाएको छ । प्रतिवेदनले बढी बेरुजु हुने १० वटा मन्त्रालयको सूचीसमेत सार्वजनिक गरेको छ । तीमध्ये सबैभन्दा बढी २९ दशमलव ६६ प्रतिशत बेरुजु अर्थमन्त्रालयको छ । यसैगरी १९ दशमलव ४४ प्रतिशत बेरुजु रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय दोस्रो स्थानमा छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ६ दशमलव ७२ प्रतिशत, खानेपानी मन्त्रालय ५ दशमलव ६८ प्रतिशत, ऊर्जा मन्त्रालय ५ दशमलव ५६ प्रतिशत, सहरी विकास ५ दशमलव ३० प्रतिशत र स्थानीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ३ दशमलव ९१ प्रतिशत बेरुजु रहेको प्रतिवेदनले देखाएको छ । यसैगरी प्रतिवेदनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ३ दशमलव ५१ प्रतिशत र भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालयको २ दशमलव २९ प्रतिशत बेरुजु रहेको औंल्याएको छ ।

सो प्रतिवेदनले हरेक नेपालीको थाप्लोमा प्रतिव्यक्ति ३१ हजार सात सय ५० रुपैयाँ ऋण पुगेको औंल्याएको छ । दुई करोड ८८ लाख २९ हजार नेपालीको टाउकोमा सो ऋणभार परेको हो । सरकारले आन्तरिक र बाह्य गरी कुल ९ खर्ब १५ अर्ब ३१ करोड ऋणभार परेको जनाएको छ । सो ऋणमध्ये ५ खर्ब २४ अर्ब १५ करोड वैदेशिक ऋण हो भने तीन खर्ब ९१ अर्ब १६ करोड आन्तरिक ऋण भएको महालेखा परीक्षकको कार्यालयले जनाएको छ । गत वर्षको भन्दा प्रतिव्यक्ति ऋण दायित्व ७ हजार ४३ रुपैयाँले बढ्न गएको हो । समीक्षा अवधिमा सरकारले ४ खर्ब ३६ अर्ब ४८ करोड वैदेशिक ऋण लिएको थियो भने आन्तरिक ऋणबाट ३ खर्ब ९४ अर्ब ४९ करोड रुपैयाँ उठाएको छ । सरकारले गत आर्थिक वर्षमा प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋणको भार घट्ने अनुमान गरे पनि त्यसको साँवा ब्याज टाउकोमा ऋण भार थप भएको हो ।

प्रतिवेदनअनुसार संघीय सरकारी कार्यालय, प्रदेश, स्थानीय तह, समिति र अन्य संगठित संस्थाहरुको कुल ५१ खर्ब ६० अर्ब ९२ करोडको लेखा परीक्षण गर्दा १ खर्ब ४१ अर्ब ५ करोड ५ लाख रुपैयाँ बेरुजु देखिएको हो । ४ हजार ८ सय ४१ संघीय सरकारी कार्यालयमा १ खर्ब ६ अर्ब ३४ करोड बेरुजु देखिएको छ । तीमध्ये असुल गर्नुपर्ने ३२ अर्ब ३ करोड ५२ लाख रुपैयाँ रहेको छ ।

प्रतिवेदन अनुसार आर्थिक वर्षको अन्तिममा सञ्चित कोष १ खर्ब ५१ अर्ब ३५ करोड रुपैयाँले ऋणात्मक देखिएको छ । यसैगरी गत आवको असारमा मात्रै २ खर्ब २२ अर्ब ८३ करोड रुपैयाँ खर्च भएको छ । यो रकम कुल वार्षिक खर्चको २० दशमलव ५५ प्रतिशत हो । सरकारले असुल गर्नुपर्ने राजस्व बक्यौता एक आवमा ९० करोड रुपैयाँले बढेर २ खर्ब २२ अर्ब रुपैयाँ पुगेको छ ।

प्रतिवेदनले अर्थमन्त्रालयको सहमतिबिना गत आवमा सहरी विकास मन्त्रालयमा ९३ अर्ब ४३ करोड, खानेपानी मन्त्रालयमा १५ अर्ब १६ करोड रुपैयाँ लगायत बहुवर्षीय ठेक्का लगाएको उल्लेख गरेको छ ।

महालेखा परीक्षकको प्रतिवेदनमा २२ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये अधिकांशको प्रगति सन्तोषजनक नभएको देखिएको छ । सरकारले 'समृद्ध नेपाल सुखी नेपाली' को एकातिर लोकप्रिय नारा लगाइरहेको छ भने अर्कोतिर राष्ट्रिय गौरवका आयोजनाहरुकै बेहाल छ । संविधानले समाजवादको कल्पना गरेको छ तर समाजवादमा पुग्ने पहिलो सिँढीमै भ्रष्टाचार र आर्थिक अनियमितताको पर्खाल खडा छ । प्रधानमन्त्री केपी ओली म भ्रष्टाचार गर्दिनँ अरुलाई पनि गर्न दिन्न भन्छन् तर महालेखा परीक्षकको जाँचमा उनका सारथी रहेका मन्त्रीहरुले सम्हालेका मन्त्रालयहरुमै भीमकाय भ्रष्टाचार फेला परेको छ । आर्थिक अनियमिततामा बद्नाम भएका मन्त्रीहरुलाई हटाएर मन्त्रालयको गतिलाई चुस्त, दुरुस्त र चलायमान बनाउन प्रधानमन्त्रीले पहल नगर्नु आश्चर्यजनक छ । गत वर्ष महालेखा परीक्षकको प्रतिवेदनले वाइडबडी खरिदमा भएको भ्रष्टाचार सार्वजनिक गरेको थियो । तर त्यसबारे सरकार अहिलेसम्म मौन रहनुले 'दाल मे कुछ काला है' सर्वत्र अनुमान गरिएको छ । ट्रान्सपरेन्सीले इन्टरनेसनलको प्रतिवेदनले समेत नेपाल सुशासन खस्किएको भ्रष्ट मुलुकको सूचीमा दर्ज गरेको छ । महालेखा परीक्षकको प्रतिवेदनले कम्युनिस्ट सरकारले सुशासन दिन नसकेको र मुलुक भ्रष्टाचारमय भएको छर्लंग पारेको छ ।

नीति कार्यक्रम तथा बजेट आंशिक रुपमा कार्यान्वयन भएको, निर्माण कार्य समयमा सम्पन्न नभएको, गैरसरकारी संस्थाबाट निर्माण कार्य गराएको, सोझै खरिद कार्य गरेको, परामर्श सेवा खर्चबाट सवारी साधन खरिद गरेको, परामर्श सेवामा शिरोभार समावेश गरेको, उपभोक्ता समितिबाट तोकिएको सीमाभन्दा बढीको कार्य गराएको, जटिल प्रकृतिको कार्य समेत उपभोक्ताबाट गराएको, निर्माण व्यवसायीलाई बढी भुक्तानी दिएको लगायत समस्या महालेखा परीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा औंल्याइएको छ ।

## विप्लव...

समूहसँगको सम्पर्क सूत्रमा रहेका छन् । यसबारे विप्लव र उनका पार्टीका नेताहरुले कुनै प्रतिक्रिया दिएका छैनन् । बरु सो समूहले लगानी सम्मेलनका बेला स्थगित गरेको नेपाल बन्दको कठोर संघर्षको कार्यक्रमलाई फेरि अघि बढाएको छ ।

विप्लव समूह सुरक्षाका निम्ति पनि चुनौती भएको सुरक्षा निकायको विश्लेषण पनि बाहिर आएको छ । साथै समूह सानो रहेको अनुमान गरिएको छ । यस्तो विश्लेषण सुरक्षा निकायले २०५२ फागुन १ गते माओवादी द्वन्द्व सुरु हुँदा पनि नगरेको होइन । जुन गलत सावित भयो र माओवादीबाट सुरक्षा निकायले निकै ठूलो क्षति व्यहोर्नु पर्‍यो । झिल्कोबाट आगो दन्किन्छ भन्ने कुरा यथार्थ हो । विप्लव समूहको हकमा पनि यो लागू हुन सक्छ । विप्लव समूह सही मानेमा राजनीतिक समूह नै हो कुनै लुटेरा समूह होइन । राजनीतिक समस्याको समाधान राजनीतिक रुपले गरिनुपर्छ जसका लागि संवाद आवश्यक छ । दुई चार सय विप्लव समूहका नेता कार्यकर्ता गिरफ्तार गरेर तिनलाई झूटा मुद्दा लगाएर जेल हालेर समस्या समाधान हुँदैन । विप्लव समूहको व्यवस्थापन दमनबाट सम्भव छैन ।

## लेखा परीक्षण...

दाखिला भएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनका अनुसार ७५३ स्थानीय तहमध्ये ७४७ स्थानीय तहले लेखा परीक्षण गराएका छन । प्रतिवेदन अनुसार यस वर्ष स्थानीय तहको ५ खर्ब ७१ अर्ब ५१ करोड ३५ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

## तातोपानी...

उपचारका लागि चिकित्सकसहितको दरबन्दी भएको स्वास्थ्य संस्था सञ्चालनका लागि पनि माग गरिएको सांसद तुलाचनले बताए ।

अध्ययन र छलफलका विषयलाई समेटेर प्रतिवेदन तयार पारी सरकारलाई सुझावसहितको प्रतिवेदन बुझाइने सभापति खरेलले बताइन् । नेपाल भ्रमण वर्ष २०२० र कोरला नाका सञ्चालनको तयारीका विषयमा सुझाव सङ्कलनका लागि संसदीय टोली मुस्ताङ आएको हो ।

नेपाल भ्रमण वर्ष २०२० का लागि मुस्ताङ पनि मुख्य पर्यटकीय गन्तव्य भएकाले यस क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण र धार्मिक पर्यटकीयस्थलको प्रचारप्रसारमा जोड दिनुपर्ने जिल्लाका सरोकारवालाहरुको भनाइ छ । २०७२ को भूकम्पले ध्वस्त भएको तातोपनी नाका चीनले अब खोल्दैछ ।

## नागरिकता...

सर्वोच्चको निर्णयले अब, बाबुआमा दुबैले जन्मका आधारमा नागरिकता लिएको भए उनीहरुका सन्तानले वंशजका आधारमा नागरिकता पाउने कानूनी बाटो खुलेको छ । जन्मका आधारमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई बाबुआमा दुबै नेपाली भए वंशजको आधारमा नागरिकता दिन गत चैत १९ गते गृह मन्त्रालयले परिपत्र जारी गरेको थियो । गृहको अभ्यासप्रति असन्तुष्टि जनाउँदै अधिवक्ता बालकृष्ण नेउपानेले सर्वोच्चमा रिट दायर गरेका थिए ।

गृहको निर्णय कानुन विपरित रहेको उनको ठम्याइ थियो। संसदमा छलफल भइरहेकै बेला गृहबाट नागरिकता प्राप्तीको बाटो खुलाउनु कानुन विपरित रहेको भन्दै निर्णयबिरुद्ध उनले अन्तरिम आदेश माग गरेका थिए । संसदमा नागरिकता सम्बन्धि विधेयक छलफलकै क्रममा रहेको छ ।

## प्रधानसम्पादक...

सन् १९५९ अगष्टमा जन्मिएका श्रेष्ठ सो पब्लिकेसन्स र नेपाल मिडिया सोसाइटीका संस्थापक अध्यक्ष थिए । उनले न्यूनतम पारिश्रमिक निर्धारण समिति, राष्ट्रिय समाचार समिति (रासस), नेपाल प्रेस इन्स्टिच्युट, सम्पादक समाज नेपाल, नेपाल प्रेस क्लब, प्रेस काउन्सिल नेपालमा कार्यकारी सदस्यका रुपमा समेत योगदान दिएका थिए । श्रेष्ठका श्रीमती र तीन छोरा छन् ।

## पुनर्निर्माण...

निजी आवास, सम्पदा, विद्यालय पुननिर्माणमा भन्दा प्राधिकरणको ध्यान सेमिनार, गोष्ठीमा बढी केन्द्रीत रहेको तथ्यांकले देखाउछ । विभिन्न संघसस्था, प्रतिनिधिसँग साप्ताहिक रूपमा कम्तीमा दुईपटक त्यस्ता कार्यक्रम हुने गरेका छन् । यस्ता कार्यक्रम आयोजना गरेर पुननिर्माणको काम अघि बढाएको जस्तो देखाए पनि मुख्य उद्देश्य भने त्यसबापत आउने दैनिक भत्ता नै मुख्य रहेको स्रोतको दाबी छ । लेखा परीक्षणमा समस्या देखिएपछि पछिल्लो समय वैदेशिक सहायता पनि आउन छाडेको छ ।

स्वयम सरकारले आग्रह गर्दा पनि विदेशी दाताले खासै धेरै रुचि देखाएका छैनन् । जसको प्रमुख कारण हो, अहिलेसम्म पुननिर्माणले प्रगति गर्न नसक्नु, त्यसका पदाधिकारीको ध्यान पुननिर्माणमा केन्द्रीत हुन नसक्नु लगायतका छन् । महालेखाले प्राधिकरणले ऐन तथा नियमावलीले व्यवस्था गरेबमोजिम लेखा र आर्थिक विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ भनेर प्रतिवेदनमै उल्लेख गरेको छ ।

**२० लाखको काम ६० लाख भुक्तानी**

महालेखाले प्राधिकरणले बढी भुक्तानी दिएको पनि खुलाएको छ । प्राधिकरणले एक संस्थालाई डकर्मी तालिम स ञ्चालन गर्न कयौं गुणा बढी रकम दिएको खुलेको छ । भूकम्पीय आवास पुनर्निर्माण आयोजनाले डकर्मी तालिम सञ्चालन गर्न एक पोलिटेक्निक संस्थासँग गरेको सम्झौताबमोजिम रु १९ लाख ९६ हजार भुक्तानी गर्नुपर्नेमा रु ६१ लाख ३१ हजार भुक्तानी गरेको छ ।

४१ लाख ३५ हजार लेखापरीक्षणबाट औंल्याएपछि रु ११ लाख असुल भए पनि बाँकी रु ३० लाख ३५ हजार असुल गर्नुपर्ने उल्लेख गरेको छ । महालेखाले प्राधिकरणका कर्मचारीलाई जिम्मेवार बनाउन भनेको छ । कर्मचारी जिम्मेवार नबन्दा लेखा परीक्षणमा प्राधिकरण गैरजिम्मेवार बनेको देखिएको छ ।

महालेखाले प्रतिवेदनमा प्राधिकरणले अहिलेसम्म गरेका कामको विवरण पनि उल्लेख गरेको छ । प्राधिकरणले तयार गरेको क्षेत्रगत योजना र वित्तीय प्रक्षेपण अनुसार दुई वर्ष भित्रमा निजी आवास, तीन वर्ष भित्रमा शैक्षिक तथा स्वास्थ्य संस्था र पाँच वर्षभित्र पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरूको निर्माण सम्पन्न गर्ने गरी लक्ष्य राखेको थियो ।

दुई वर्ष भित्रमा निजी आवासको निर्माण कार्य सम्पन्न गर्नु पर्नेमा तोकिएको अवधि समाप्त भइसक्दा निजी आवास ८ लाख २२ हजार ९ सय ९ मा २ लाख ६८ हजार ५ सय ८५ (३२ दशमलव ६३ प्रतिशत), निजी आवास प्रबलीकरण ५२ हजार ५४ मा ७ हजार ४ सय ४८ (१४ दशमलव ३० प्रतिशत), तीन वर्ष भित्रमा शैक्षिक तथा स्वास्थ्य संस्थाको कार्य सम्पन्न गर्नु पर्नेमा स्वास्थ्य संस्थाका भवनहरू (प्रिफ्याबसमेत) १ हजार १ स य९७ मा ६ सय ४३ (५३ दशमलव ७१ प्रतिशत) निर्माण भएका छन् ।

यस्तै, सामुदायिक विद्यालयहरू ७ हजार ५ सय ५३ मध्ये ३ हजार ८ सय १६ (५० दशमलव ५२ प्रतिशत), विश्वविद्यालयअन्तर्गतका भवनहरू १६ मध्ये २ (१२ दशमलव ५० प्रतिशत), सार्वजनिक भवनहरू ४ सय १५ मध्ये २ सय ४८ (५९ दशमलव ७५ प्रतिशत), सुरक्षा निकायका भवनहरू ६ सय ८६ मा २ सय १४ (३१ दशमलव १९ प्रतिशत), पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरू ७ सय ५३ मा १ सय ८५ (२४ दशमलव ५६ प्रतिशत) र खानेपानी तथा सरसफाइका आयोजनाहरू ३ हजारमध्ये १ हजार ७ सय ५ (५६ दशमलव ८३ प्रतिशत) मात्र सम्पन्न भएको छ ।

प्राधिकरणले विनाशकारी भूकम्पको पुनर्निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निकायहरूलाई थप जिम्मेवार र जवाफदेही तुल्याउँदै सरोकारवाला पक्षको सहभागिता बढाई कार्यविधिमा सरलीकरण, कार्यान्वयन क्षमतामा अभिवृद्धि एवं निकायगत समन्वयमा वृद्धि गरी काम सम्पन्न गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरेको छ ।

**शिक्षामा सात अर्ब बेरूजु**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका निकायको बेरुजु सात अर्ब १४ करोड २६ लाख ९० हजार देखिएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ५६औं वार्षिक प्रतिवेदनमा मन्त्रालयअन्तर्गतका एक सय १२ ओटा निकायमा उक्त रकम बेरुजु देखिएको हो । शिक्षामन्त्रालय र मातहतका निकायअन्र्तगत चालु खर्च र पुँजीगत खर्चमार्फत १ खर्ब २६ अर्ब ७४ करोड ५५ लाख विनियोजन भएको थियो । महालेखाको प्रतिवेदन अनुसार निकासा भएको रकम मध्ये ८२.७० प्रतिशत अर्थात् १ खर्ब ४ अर्ब ८२ करोड ११ लाख रुपैयाँ खर्च भएको छ । प्रतिवेदनअनुसार कक्षा ११ र १२ मा अध्ययनरत २५ जिल्लाका विपन्न वर्गका विज्ञान विषय अध्ययन गर्ने छात्रछात्रालाई प्रदान गर्ने छात्रवृत्ति रकम खर्च नभएको पाइएको छ ।

यसका लागि वार्षिक २४ हजार र अन्य विषय अध्ययन गर्नेलाई १८ हजारका दरले छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमअनुसार विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिलाई छात्रवृत्ति वितरण गर्न ३ करोड ६ लाख र व्यवस्थापन खर्च ४७ लाख ३० हजार समेत ३ करोड ५३ लाख ३० हजार निकासा भएको थियो ।तर, निकासामध्ये ९४ लाख ४ हजार खर्च नभई बाँकी रहेको पाइएको हो । यस्तै,शिक्षा तथा खाद्य कार्यक्रम अर्न्तगत बस्तुगत अनुदानतर्फ बिनीयोजित ४ करोड ९३ लाख ८ हजारमध्ये ३ करोड ७५ लाख ४८ हजार मात्रै खर्च भएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७४/७५ अनुसार निर्माण कार्य समयमा नै सम्पन्न गर्न विद्यालय व्यवस्थापन समितिसँग प्रथम चौमासिकमा सम्झौता र जेष्ठ मसान्तमा कार्य सम्पन्न गरिसक्नुपर्ने व्यवस्था रहेको छ । यद्यपी, यसवर्ष विद्यालयलाई भवन निर्माणतर्फ ७३ जिल्लाले उपलब्ध गराएको ३ अर्ब ९८ करोड ९२ लाखको निर्माण कार्य सम्पन्न नै नभएको पाइएको छ ।

यस्तै, तालिम सञ्चालनको लागि छुट्याइएको ८२ करोड ३४ लाख ४४ हजारमध्ये ५६ करोड ३३ लाख ९१ हजार भुक्तानी भएको कार्यलयले जनाएको छ । छात्रा शौचालयतर्फ ८४ करोड ३१ लाख २ हजार र मर्मततर्फ २७ करोड १७ लाख ५५ हजारसमेत ५ अर्ब १० करोड ४० लाख ४४ हजारको कार्य सम्पन्न गरेको नपाइएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ । शिक्षाका सबै निकायमा गरेर ७ अर्ब २२ करोड ४३ लाख ७५ हजार बेरुजु देखिएको महालेखाले प्रारम्भिक प्रतिवेदन तयार गरेको थियो । उक्त प्रारम्भिक प्रतिवेदनपछि मन्त्रालयले ८ करोड १६ लाख ८५ हजार रुपैयाँ फर्स्यौट गरेको प्रतिवेदनले जनाएको छ । बेरुजुमध्ये १५ करोड ८९ लाख ३१ हजार पेश्कीको रूपमा लगेको पनि प्रतिवेदनमा उल्लेख छ । त्यस्तै मन्त्रालय अन्तर्गत रहेको दुई सय ९ वटा संगठित संस्थातर्फ ४ अर्ब ९० करोड ३४ लाख ८८ हजार बरुजु देखाएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ७८ करोड ८७ लाख ५१ हजार रुपैंया फर्स्योट भएको छ । ती सबै संस्था अन्तर्गत अहिले ४ अर्ब ११ करोड ४७ लाख ३७ हजार रुपैयाँ बेरुजु रहेको महालेखाले जनाएको छ ।

**कृषिमा १ अर्ब ३० करोड बेरूजु**

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले आधुनिकीकरण र व्यवसायीकरणका नाममा कृषक र विभिन्न संघ-संस्थालाई वितरण गर्ने अनुदान रकममा अनियमितता भएको देखिएको छ। महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ५६औं प्रतिवेदनले आर्थिक वर्ष ०७४र७५ मा कृषि मन्त्रालयमातहतका सरकारी निकायमा १ अर्ब २६ करोड २४ लाख रुपैयाँ बेरुजु देखाएको छ। यस्तो बेरुजु हरेक वर्ष बढ्दै आएको हो। त्यस्तै विभिन्न संस्थान र समितिअन्तर्गत ३ करोड ७२ लाख ४७ हजार रुपैयाँ बेरुजु देखिएको छ।

- तरकारी विकास निर्देशनालयले काठमाडौं, ललितपुर, नुवाकोट, मकवानपुर, काभ्रे, सिन्धुपाल्चोक, चितवन, कैलाली र लमजुङका ९४ संस्थालाई जिआई पाइप टनेल, नेचुरल भेन्टिलेटेड ग्रिन हाउस र एग्रिनेट हाउस निर्माण गर्न ९ करोड ४१ लाख ८९ हजार रुपैयाँ अनुदान दिएको छ। तर, त्यसको अभिलेख कतै छैन, अनुगमन पनि भएको छैन।
- विश्व बैंक, एसियाली विकास बैंक र आइफाडको आर्थिक सहयोगमा सञ्चालित कृषिका आयोजनामा ३३ अर्ब ३९ करोड ७७ लाख रुपैयाँ लगानी सम्झौता भएको छ। तर, १९ अर्ब १९ करोड रुपैयाँ मात्र खर्च भएको छ। त्यसमध्ये पनि २ अर्ब ७१ करोड ३५ लाख रुपैयाँ परामर्शका नाममा खर्च भएको छ। यस्ता आयोजनामा विज्ञ सल्लाहकार नियुक्त हुने भए पनि परामर्शका नाममा अनियमिता हुने गरेको छ।
- कृषिउपज भण्डारण र दुग्ध चिस्यान केन्द्रको विद्युत् महसुलमा ५० प्रतिशत छुट दिने नीति छ। २८ कात्तिक ०७४ मा सचिव युवकध्वज कार्कीको संयोजकत्वमा तीन वर्षको विद्युत् बक्यौता १६ करोड ६० लाख ९८ हजार देखाई जरिवानाबाहेकको ९ करोड ९६ लाख ५९ हजार रुपैयाँ भुक्तानी दिएको थियो। तर, विद्युत्को बिल कति हो भन्ने अहिलेसम्म खुलाइएको छैन।
- बाली तथा पशुपक्षी बिमाबापत तिरेको प्रिमियमको ७५ प्रतिशत अनुदान कृषकलाई दिने नीतिअनुरूप गत वर्ष ३० करोड ४६ लाख ५१ हजार रुपैयाँ निकासा दिइएको छ। तर, बिमित संख्या, बिमा प्रिमियम रकमसहितको अभिलेख छैन।
- गत वर्ष कृषिका ८ सय २३ कर्मचारी विदेश भ्रमण जाँदा राज्यको १४ करोड ७६ लाख ४१ हजार रुपैयाँ खर्च भएको छ। किसानका लागि उन्नत बिउबिजन कार्यक्रममार्फत भारतमा २३ जना र भियतनाम, लाओस र कम्बोडिया गएका ३८ कर्मचारीले भ्रमणको औचित्य देखाउन सकेका छैनन्। तर, १० लाख ९१ हजार रुपैयाँ नियमविपरीत भत्ता बुझेका छन्।
- तरकारी विकास निर्देशनालयले कैलाली, सुनसरी, सोलुखुम्बु र उदयपुरमा होम स्टे बनाउन ४ संस्थालाई कार्य सम्पन्न प्रतिवेदन र खर्चको विवरणबेगर ९७ लाख ५० हजार रुपैयाँ भुक्तानी दिएको छ। उत्पादन वृद्धिका लागि मल, बिउ र खेती संरक्षणमा अनुदान दिनुपर्ने निकायले फरक उद्देश्यको काममा खर्च गर्नु अनियमितता हो।
- पुष्प विकास केन्द्रले फ्लोरिकल्चर एसोसिएसनलाई ग्रिन हाउस बनाउन प्रमाणबेगर २ करोड ६५ लाख रुपैयाँ दिएको छ। सो संस्थासँग ३ करोड ३२ लाख २७ हजार रुपैयाँको अनुदान सम्झौता भएको थियो।
- कृषि सूचना तथा सञ्चार केन्द्रले टेलिभिजन र एफएम रेडियोको टावरसहितको भवन बनाउन १ करोड ९९ लाख रुपैयाँमा एक निर्माण व्यवसायीसँग सम्झौता गरेको थियो। तर, निर्माण अवधि सकिने १३ वैशाख, ०७५ सम्म ६० प्रतिशत काम सकेर अलपत्र छाडिएको छ। अहिले निर्माण कार्य बन्द छ।
- पशु स्वास्थ्य निर्देशनालयले राष्ट्रिय खारेज रोग नियन्त्रणका लागि १८ लाख डोज र पशुरोग नियन्त्रणका लागि डिस्पोजल सिरिन्ज निडल ३२ लाख थान खरिद गर्न ३ करोड ४ लाख रुपैयाँ खर्च गरेको छ। तर, मौज्दात विवरणमा १ करोड ४५ लाख रुपैयाँ मूल्यका सामान मात्र भेटिएका छन्।
- कृषि तथा खाद्य सुरक्षा आयोजनाअन्तर्गत पशुसेवा कार्यालय, दार्चुलाले १ सय बोयर बोका खरिद तथा वितरण गर्न ३० लाख खर्च गरेको उल्लेख छ। तर, कार्यालयको अभिलेखमा ५७ बोका मात्र छन्। खरिद नगरिएको ४३ बोकाको १२ लाख ९० हजार रुपैयाँ अनियमितता भएको छ।
- पशु उत्पादन निर्देशनालयले बेवारिसे गाई, बाछाबाछी व्यवस्थापन गर्न ८ संस्थालाई ३८ लाख ६८ हजार रुपैयाँ अनुदान दिएको जनाएको छ। तर, अनुगमनको प्रगति विवरण केही छैन।
- व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट)ले सम्बन्धित जिल्ला कृषि विकास कार्यालयबाट सहयोग लिन छाडेर छुट्टै आयोजना कार्यालय राखी सञ्चालन खर्च, सामग्री तथा सवारीसाधन, वैदेशिक भ्रमण र परामर्शमा १ अर्ब ९८ करोड ६४ लाख खर्च गरेको छ। यो अनावश्यक खर्च भएको महालेखाले जनाएको छ। प्याक्टले कुल ५ अर्ब १ करोड खर्च गरिसकेको जनाएको छ।
- प्याक्टले मासु प्रशोधन केन्द्र, खोटाङलाई टहरा निर्माण गर्न १५ लाख ६३ हजार रुपैयाँ अनुदान दिएको छ। तर, अनुगमन गर्दा २ वटा खसी मात्र भेटिएको छ।
- उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले सुर्खेतमा कोल्ड स्टोरेज भवन निर्माण गर्न एक कम्पनीलाई ५ करोड रुपैयाँ अनुदान दिने २५ वैशाख ०७४ मा सम्झौता गरेको थियो। १५ असोज ०७५ सम्म निर्माण अवधि तोकेर आयोजनाले सुरुमा ६९ लाख ९० हजार रुपैयाँ भुक्तानी गरेको थियो। तर, भवनको जग मात्रै हालेर काम अलपत्र छाडिएको छ।
- उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले कार्यक्षेत्रबाहिर थानकोट, काठमाडौंमा बिउ प्रशोधन भवन निर्माण गर्न एक कम्पनीलाई २९ लाख ९ हजार रुपैयाँ भुक्तान गरेको छ। सो भुक्तानी असुलउपर हुनुपर्ने महालेखाको प्रतिवेदनमा उल्लेख छ।
- उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले बेसारको उत्पादन, संकलन प्रशोधन र बजारीकरणका लागि एक कम्पनीसँग सम्झौता गरी ८५ लाख ९७ हजार रुपैयाँ अनुदान प्रवाह गर्ने निर्णय गरेको थियो। ३१ असार ०७५ मा काम सकिएको भन्दै ३२ लाख ४८ हजार रुपैयाँ दिएको थियो। महालेखाको स्थलगत अनुगमनमा बेसार प्रशोधन गोदाम निर्माणको काम ६० प्रतिशत मात्र सकिएको र कम्पनीले मेसिनरी जडान नगरी अलपत्र छाडिएको भेटिएको थियो।
- उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले सुर्खेतमा एक कृषिउपज बजार पूर्वाधार निर्माण कार्यमा २ करोड ३९ लाख ४९ हजार रुपैयाँको काम भएको भेटिएको छ। तर, भुक्तानी २ करोड ६५ लाख ५० हजार भएको थियो। काम भएभन्दा बढी २६ लाख १ हजार रुपैयाँ भुक्तानी भएकाले असुलउपर हुनुपर्ने महालेखाको ठहर छ।